राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १८, मङ्सिर १२ गते शुक्रबार, २०८२ (28 November, 2025) | www.janajibro.com | मूल्य रू. १०।-

# राष्ट्रिय स्वाधीनताका लागि वाम ध्रुवीकरण

## नेपाकपा र जसपा (एकीकरण पक्षधर समूह), जनजागरण पार्टी, नेकपा बहुमत (विद्रोही समूह) र नेकपाको (विद्रोही समूह) बीच एकता

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुकको राष्ट्रिय स्वाधीनता रक्षाका लागि वामपन्थी ध्रुवीकरण सुरु गरिएको बताएका छन् । नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टीको एकीकरण पक्षधर समूह, जनजागरण पार्टी, नेकपा बहुमतको विद्रोही समूह, नेकपाको विद्रोही समूहबीच पार्टी एकता घोषणा कार्यक्रममा बोल्दै संयोजक प्रचण्डले यतिबेला राष्ट्रियता कमजोर भएकाले नेपाली जनताको आत्मसम्मान तथा देशको सार्वभौमसत्ता रक्षाका लागि वामपन्थी शक्ति र कम्युनिस्टहरूबीच एकता गरिएको उल्लेख गरेका हुन् ।




राष्ट्रिय अखण्डता र स्वाधीनताको रक्षाका लागि प्रजातान्त्रिक शक्तिहरूसँग सहकार्य गरिने धारणा व्यक्त गर्दै देशभक्तहरूको अभियानमा सबै दलको सहयोग रहनुपर्ने समेत प्रचण्डले बताए । मुलुकमा विद्यमान समस्या समाधान कम्युनिस्टले मात्र गर्न सक्ने दावी गर्दै त्यसैका लागि अहिलेको एकता आवश्यक रहेको समेत उनले बताए । यसका लागि सबैले उदारता देखाउनु पर्ने भन्दै भिन्न परिवेशबाट आएका नेता-कार्यकर्ताबीच एकापसमा गरिने सदभावपूर्ण व्यवहार र अनुभवको आदान-प्रदानले नयाँ परिस्थिति निर्माण गर्ने उनले चर्चा गरे । वर्तमान घटनाक्रमहरूको संश्लेषण गर्दै नेपाली विशेषतासहितको समाजवाद कार्यान्वयन गर्न सकिने संयोजक प्रचण्डले उल्लेख गरे ।

एकता घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै सो पार्टीका सहसंयोजक माधवकुमार नेपालले नेपाली विशेषताको वैज्ञानिक समाजवादको कार्यक्रम सम्बन्धी विचार र सिद्धान्त मिलेका दलहरू एकीकृत गर्दै वामपन्थी ध्रुवीकरण अगाडि बढाइने बताए । जनतामा एकताको सन्देश प्रवाह गर्न देशभरका सबै प्रदेशमा सभा गरिने जानकारी दिँदै त्यसले

क्रमशः अन्तिम पृष्ठमा

# कांग्रेसमा महाधिवेशन किचलो : केन्द्रीय समिति प्रभावित, विशेष महाधिवेशन पक्षधरको सभा

**काठमाडौं ।** नेपाली कांग्रेसका विशेष महाधिवेशन माग गर्ने पक्षधर ५४ प्रतिशत हस्ताक्षरकर्ता र नियमित महाधिवेशन संस्थापन पक्षबीचको कलह उत्कर्षमा पुगेको छ । कांग्रेसमा महाधिवेशनको मिति तोक्ने विषयलाई लिएर बढेको किचलो उत्कर्षमा पुगेको हो ।

संस्थापन पक्ष कुनै पनि हालतमा चुनावको टिकट वितरण गरेपछि मात्रै महाधिवेशन गर्ने पक्षमा छ भने इतर पक्ष त्यसअघि नै नयाँ नेतृत्व र नयाँ म्यान्डेडसहित चुनावमा जानुपर्ने पक्षमा अडिग छ । सोही कारण कांग्रेसको केन्द्रीय समिति बैठक फेरि स्थगित भएको हो । बिहीबार दिउँसो २ बजे बस्ने गरी बोलाइएको बैठक शुक्रबाज दिउँसो २ बजेसम्म स्थगित गरिएको हो । मुख्य सचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गर्दै केन्द्रीय समिति बैठक शुक्रबारसम्मका लागि रोकिएको जानकारी गराएका थिए ।

असोज २८ देखि जारी कांग्रेसको केन्द्रीय समिति बैठक महाधिवेशन कार्यतालिकाबारे मतभेद हुँदा अहिले पनि अनिर्णयको बन्दी बनिरहेको छ ।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले बुधबार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग अनौपचारिक छलफल गरे पनि त्यसबाट महाधिवेशन तिथिमितिबारे सहमति जुट्न नसकेपछि पुनः बैठक स्थगित गरिएको नेताहरूले बताए । पुसभित्रै नियमित महाधिवेशन नगर्ने हो भने विशेष महाधिवेशनको विकल्प नहुने महामन्त्रीद्वय थापा र शर्मा अडान रहँदै आएको छ भने सभापति शेरबहादुर देउवानिकट केही पदाधिकारी र केही पूर्व पदाधिकारीहरूले चुनावपछि बैशाखमा मात्रै महाधिवेशन गर्नुपर्ने अडानमा रहेका छन् ।

यस्तो अवस्थामा कावा सभापति खड्काले सर्वसहमतिमै केन्द्रीय समितिबाट निर्णयहरू लिने दावी गर्दै आएका छन् । सभापति देउवाले पनि महाधिवेशन कार्यतालिकाबारे नेताहरूसँग अनौपचारिक छलफल गरे पनि निकास निस्कँन कुनै छनक देखिएको छैन ।

यतिबेला कांग्रेसमा आगामी फागुन २१ को लागि तोकिएको चुनाव अगाडि नै महाधिवेशन गर्ने कि विशेष महाधिवेशन गर्ने भन्ने कलह झनै जटिल बन्दै गएको अवस्थामा कतिपय नेताहरूले त विशेष महाधिवेशनको विरोध गर्दै वैशाखमा नियमित महाधिवेशन गर्नुपर्ने अडान समेत राखेका छन् ।

यसैबीच विशेष महाधिवेशन पक्षधर ५४ प्रतिशतहरूले विशेष महाधिवेशनका लागि मिति र स्थान तोक्न माग गरिरहेका छन् । नेता गुरुराज घिमिरेले कांग्रेस केन्द्रीय समिति बैठक डेढ महिनासम्म चलेर कीर्तिमान कायम राने पनि महाधिवेशनका लागि सहमति जुटाउन नसकेको भन्दै आलोचना गरेका छन् । सभापति देउवानिकट नेताहरूले भने नियमित महाधिवेशन नै

क्रमशः अन्तिम पृष्ठमा

# भदौ २३–२४ को विध्वङ्सको यथार्थता

### समय- सन्देश

डा. ऋषिराज बराल

जेन-जीका नाममा गत भदौ २३-२४ मा भएको मुलुकव्यापी वितण्डा र विध्वङ्सका सम्बन्धमा व्यक्तिदेखि लिएर राजनीतिक पार्टीहरूका थरीथरीका हेराइ र बुझाइ सतहमा आएका छन् । सामाजिक जीवनमा हुने घटना र परिस्थितिलाई हेर्ने र बुझ्ने विभिन्न किसिमका दृष्टिकोण हुने हुनाले आ-आफ्ना बुझाइ, स्वार्थ र पक्षधरताका आधारमा तिनको व्याख्या र विश्लेषण हुनु स्वाभाविक हुन्छ । भदौ २३-२४ का घटना-सन्दर्भहरूलाई पनि त्यसैअनुरूप हेर्नुपर्ने हुन्छ । कसैले यसलाई 'क्रान्ति' भनेका छन्, कसैले 'विस्फोट' र 'विद्रोह' त कसैले 'वितण्डा', 'विध्वङ्स' र 'राष्ट्रद्रोह' भनेको र लेखेको पाइन्छ । सारमा 'विद्रोह' भन्ने एउटा कित्तामा छन् र 'वितण्डा, विध्वङ्स र राष्ट्रद्रोह' भन्नेहरू अर्को कित्तामा छन् ।

पहिलो कुरा, सुधारको कुरा गर्दा कस्तो खाले सुधार खोजिएको थियो भन्ने प्रश्न हो ? सुधारका लागि प्रस्तुत गरिएको खाका कस्तो थियो ? त्यो प्रस्ट छैन । यथार्थतः खाका नै थिएन र छैन । कमरेड मोहनविक्रमले भन्नुभएझैं जेन-जीद्वारा गरिएको भनिएको 'आन्दोलन' को खास एजेन्डा नै थिएन । को-को हुन् जेन्जी भनेका ? को हो आन्दोलनको संयोजक ? टिममा को को थिए र के-कस्ता थिए भन्ने कुरा नै प्रस्ट थिएन र छैन, माग पनि मान्छेपिच्छे अलग थिए । निश्चित सङ्गठनात्मक आधारमा सरकार समक्ष माग पेस गरेको स्थिति पनि होइन ।

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १८, मङ्सिर १२ गते शुक्रबार, २०८२

## सम्पादकीय

# राष्ट्रप्रति असंवेदनशील कांग्रेसी अन्तर्कलह

तथाकथित जेन-जी विद्रोहयता मुलुकको वर्तमान र भविष्य चरम अन्योलमा फसेको छ। र, मुलुकको यो हदको दुर्दशाको मुख्य जिम्मेवार रहेको कांग्रेसमा अझै पनि चेत नखुल्नु र वर्तमान समयमा समेत चरम असंवेदनशील अन्तर्कलहमा रमाइरहनु भयंकर विष्मयको विषय हो।

एमाले अध्यक्ष खड्गप्रसाद ओलीले अघिल्लो एउटै संसदीय कार्यकालमा दुई-दुईपटक प्रतिनिधिसभा विघटन गरेर संविधान र संवैधानिक व्यवस्थालाई क्षतविक्षत तुल्याएका थिए। उनका चरम महत्त्वाकांक्षी, राष्ट्रविरोधी र जनद्वेषी हर्कतहरूबाट दशकयता मुलुक निकै आक्रान्त बनेको छ। ओली र एमालेका यसखाले हर्कतहरूलाई नजरअन्दाज गरेर प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसले उनै ओलीको नेतृत्वमा सरकार बनाउन र टिकाइराख्न मुख्य भूमिका खेलिरहनु नै वर्तमान राष्ट्रिय संकटको मुख्य कारण हो। सामान्यतः संसारभर नै संसदका पहिलो र दोस्रो दल मिलेर सरकार बनाइँदैन; तर, कांग्रेसले यहाँ त्यही मूर्खता गर्‍यो। त्यसमाथि झन् असाध्यै अविवेकी, सनकी र तानाशाह चरित्रका ओलीलाई निर्धक्क बोकेर हिँड्नु त जनता र राष्ट्र मात्रै होइन, स्वमय् कांग्रेसकै लागि समेत असाध्यै ठूलो 'ब्लन्डर' हो र त्यही कुरा सावित समेत भइसक्यो।

यतिसम्म भइसकेपछि अब पनि कांग्रेसको मति र गति सुध्रेको देखिँदैन। नियमित वा विशेष र चुनावअघि वा पछि महाधिवेशन गर्ने भन्नेजस्तो नितान्त प्राविधिक मुद्दामा महिनौंदेखि रुमल्लिएर राष्ट्र र जनताका मुद्दाप्रति पूर्णतः बेवास्ता गरिरहनु कांग्रेसको निकै ठूलो मूर्खता हो।

## भदौ २३-२४...

अहिलेको प्रधानमन्त्रीय ढाँचा वा राष्ट्रपतीय ढाँचा दुवै संसदीय व्यवस्थाभन्दा बाहिरका कुरा होइनन्। अझ नेपालजस्तो मुलुकमा राष्ट्रपतीय शासन झन् खतरनाक हुन्छ। सुशासनको कुरा भनिँदै आएका कुरा हुन् र हिजोका दिनदेखि भ्रष्टाचार विरोधी आन्दोलन भएकै र चलेकै हुन्। जहाँसम्म विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने कुरा छ, विदेशमा रहेका नेपाली भनेका अधिकाङ्शतः दोहोरो नागरिकता लिएकाहरू हुन्। यस्तालाई भोटिङ अधिकार दिएर मुलुकको राजनीतिको निर्णायक बनाउन सकिँदैन र मिल्दैन। यो गम्भीर मुद्दा हो र यसको आवश्यकता र औचित्य प्रस्ट छैन र हचुवामा यस्तो निर्णय गर्नु पनि हुँदैन। माथि उल्लेखित कुराहरू असन्तुष्टिका बुँदा हुन् सक्लान्- विद्रोहका कुरा होइनन्। यथार्थतः जेन-जी 'आन्दोलन' भनेर बाहिर देखाउने, आवरण दिने कुरा मात्र थियो र भित्र अर्कै तयारी थियो। चरण-चरणका प्रक्रिया थिए त्यहाँ। पहिलो चरण, दोस्रो चरण भनेर पहिले नै चरणको तयारी थियो र सबै कुरा योजनाबद्धतामा थिए भन्ने कुरा घटना-परिदृश्यले प्रस्ट पार्दछन्। कोही सिट्टी बजाउन तयार भएर बसेको थियो, सरकारी नालायकीले उत्पन्न असन्तुष्टिको मौका हेरेर जेन-जीका नाममा विध्वङ्सका लागि सिट्टी बजाइएको थियो। यथार्थ यही हो।

खासमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको मिलेमतो, त्यसमा पनि अमेरिकी साम्राज्यवादसित सम्बद्ध 'अमेरिकी युथ काउन्सिल', 'बारबरा फाउन्डेसन', 'फ्री तिब्बत अभियान' र 'समता फाउन्डेन' को तारतम्यमा यो विध्वङ्सकारी परियोजनजलाई व्यावहारिक रूप दिइएको थियो। यसका आयोजकमा देखिने रक्षा बम, मिराज ढुङ्गाना लगायतकाहरू 'अमेरिकी युथ काउन्सिल' का सदस्य हुन् भन्ने कुरा पनि प्रकाशमा आइसकेको छ। यी सबै उसले भोलिको राज्य सञ्चालनका लागि तयार पारेका रिकुटेहरू हुन्। जेन-जीका नाममा उनीहरू बाहिर देखिने र भित्री रूपमा छाताको काम गर्दै आएको 'बारबरा फाउन्डेसन' सम्बद्ध 'हामी नेपाल' र 'फ्री तिब्बत अभियान' ले उपद्रो मच्चाउने योजना यसमा पहिले नै तय थियो भन्ने कुरा घटनाहरूले प्रस्ट पारेका छन्। यसका लागि विद्यार्थीहरूलाई "स्कुल युनिफर्ममा आउनू" भन्नु अर्को षड्यन्त्र थियो। यस्तो परिस्थिति निर्माण गर्ने, जसले पुलिस गोली चलाउन बाध्य होस् र "सरकारले स्कुले बच्चाहरूलाई गोली ठोकर मार्‍यो भनेर" उत्तेजना र आक्रोस फैलाउन सकियोस्। अनि त्यतिबेला विध्वङ्स मच्चाउन सहज होस् भन्ने पूर्वतयारी थियो।

सरकारले २३ गते २२ जनाको हत्या गर्‍यो भनिएको छ। तर, जे-जस्तो किसिमले र जसरी गोली चल्यो, यो पनि विवादको विषय छ। गोलीबारे डाक्टरहरूको रिपोर्ट पनि बाहिर ल्याइएको छैन र नेपाल पुलिससित नभएको गोली चलाइएको भनिएको छ। पुलिसले चलाएको गोलीले नभएर भीडमा घुसेका 'हामी नेपाल' र 'फ्री तिब्बत अभियान' का सदस्यले ताकीताकी गोली चलाएको भनेर खुला टिप्पणी हुने गरेको छ। वास्तवमा उत्तेजना र आक्रोश उत्पन्न गरेर विध्वङ्सको परिस्थिति तयार पार्ने पूर्वयोजना थियो र गरियो पनि त्यस्तै। अमेरिकी साम्राज्यवादले देशव्यापी विध्वङ्सका लागि उसका नेपालमा क्रियाशील सबै नेटवर्क सञ्चालन गरेको यथार्थ प्रस्ट हुन्छ।

यस अर्थमा यो कुनै मुद्दामा आधारित 'आन्दोलन' वा 'विद्रोह' थिएन। यसको उद्देश्य सुधार पनि थिएन, जेन-जीको नाम अघि सारेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको मिलोमतोमा मच्चाइएको वितण्डा र विध्वङ्स थियो, जसले मुलुकको आर्थिक पक्षलाई मात्र नभएर सार्वभौम सत्ता र स्वाधीनतामाथि नै प्रश्न उब्जायो। यसका साथै कमरेड रोहितले भन्नुभएझै नेपाली सेना, त्यसमा पनि प्रधान सेनापतिको भूमिकामाथि पनि प्रश्न उठ्यो र नेपाली सेनाप्रति अविश्वासको बलियो आधार बन्यो र बनिरहेको छ।

यसरी हेर्दा २३/२४ को वितण्डा र विध्वङ्स राष्ट्रिय स्वाधीनता र स्वभिमानप्रति खुला चुनौती हो, र नकारात्मक शिक्षा हो। यसले विध्वङ्स र आतङ्क निर्माणका लागि साम्राज्यवादीहरूले आफ्ना संजालहरू कसरी प्रयोग गर्दो रहेछन् भन्ने शिक्षा दिएको छ र केही सामाजिक जीवनका विविध क्षेत्रमा क्रियाशील केही पात्रहरू सबैले चिनिने गरी सतहमा आएका छन्। यस अर्थमा २३ अलग र २४ अलग गरेर हेर्न र बुझ्न मिल्दैन। अझ मार्क्सवादप्रति प्रतिबद्धहरू, त्यसमा पनि क्रान्तिकारी परिवर्तनका लागि कियाशील पार्टी र व्यक्तिहरूले 'विद्रोह भन्नै मिल्दैन- साम्राज्यवादी-विस्तारवादी षड्यन्त्र भन्नुपर्छ। निकर्षमा हामीले भन्नुपर्ने हुन्छ– भष्टाचार विरोधी आकर्षक नारामा जेन-जी नाममा युवाहरूलाई अघि सारेर भदौ २३-२४ मा मुलुकव्यापी जेजस्तो वितण्डा र विध्वङ्स मच्चाइयो, यो विद्रोह होइन, राष्ट्रद्रोह थियो र हो।

यसका साथै यो विचार र वर्गचिन्तनका विरुद्ध साम्राज्यवादी योजनाबद्धताको उपज पनि थियो। सन १९७० को दशकदेखि नै 'उत्तर-वादी' (post-ist), मूलतः उत्तर-आधुनिकतावादी प्रवृत्तिलाई अघि सारेर विचारको अन्त्य, वर्गको अन्त्य, प्रविधि र सूचना नै सबै थोक हो भनेर विकेंद्रण र विभाजनको दर्शन, विचार र राजनीतिलाई सामाजिक जीवनका विविध क्षेत्रमा प्रयोग गरेर अनेक भ्रम उत्पन्न गर्न थालियो। मार्क्सवादीहरूले यसका विरुद्ध निरन्तर वैचारिक सङ्घर्ष गरेपछि र वर्गसंघर्षको राजनीतिक विरुद्ध आफूले भनेजस्तो गरी काम नगरे पछि साम्राज्यवादले यो सित 'पुस्ता राजनीति' लाई अगाडि सारेर अन्तरध्वंशको राजनीति गर्न थाल्यो।

नेपालको सन्दर्भमा भन्नुपर्दा संसदीय र संशोधनवादी राजनीतिभित्र सुरु भएको यो माहारोग क्रान्तिकारी भनिने राजनीतिभित्र पनि पस्यो। 'पुस्तान्तरण' र 'हस्तान्तरण' जस्ता जार्गनयुक्त पदावलीलाई विचारको ठाउँमा स्थापित गर्न थालियो। यसलाई उसले विचारविहीन र उपभोक्तावादी जमात तयार पार्ने साधनका रूपमा प्रयोग गर्‍यो। माओवादी क्षेत्रका उदाहरणहरू हाम्रा सामु छन्। चारैतिर नयाँ पुस्ता, युवा पुस्ताको होहल्लाका बिच युवाहरूको नेताका नाममा केही युवाहरूलाई लिएर झ्यालबाट हाम फालेर कुदेका विप्लव अहिले के गर्दैछन् भन्ने कुरा हामीले देखिरहेका छौं। क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा विचार, अनुभव, नीति र नेतृत्त्वको ठूलो महत्व रहेको हुन्छ, नेतृत्वको वैचारिक पक्षका साथै विवेक र कार्यशैलीले अहम महत्त्व राख्दछ। साम्राज्यवादले ठीक यहीँनेर प्रहार गर्छ। क्रान्तिकारीहरूका लागि महान् अग्रज गुरुहरूले संगठन निर्माणको क्षेत्रमा 'एकमा तीन' को एकदमै वैज्ञानिक धारणा दिएका छन्। युवाहरूले सिक्ने, प्रशिक्षित हुने र नेतृत्त्व विकास गर्ने यो महत्त्वपूर्ण अवधारणा हो। युवाहरू बिहानको उदाउँदो घाम हुन् भन्ने माओको भनाइ यसै अर्थमा ऐतिहासिक महत्त्वको छ।

अहिले साम्राज्यवादले जेन-जी पुस्ता भनेर होहल्ला गरेर भ्रमयुक्त राजनीति गरिरहेको छ। पछिल्लो समयमा साम्राज्यवादले वर्ग र विचारले होइन, जेन-जीले विद्रोह गर्छ, क्रान्ति गर्छ भनेर गलत र भ्रमपूर्ण चिन्तन-प्रवृत्तिलाई स्थापित गर्न नयाँ किसिमको 'कु' राजनीतिलाई अघि बढाइरहेको छ। साम्राज्यवादले पहिले अगाडिको पन्तिमा सेनालाई राख्थ्यो, अहिले ' जेन-जी' को योजना अघि सारेको छ , यसले भावना र उत्तेजनामा काम गर्छ। यसमा उसले खास मुलुकको सेनालाई पनि आफ्नो प्रभावमा लिएको हुन्छ। बङ्गलादेश र नेपालको सन्दर्भ एउटै हो। अझ नेपालको बढी खतरनाक किसिमको छ। उसले साबित गर्न खोजेको कुरा थियो-हेर, वर्ग र विचारले होइन जेन-जी पुस्ताले विद्रोह गर्छ। अरौटे भएर 'विद्रोह' गरेपछि त्यसपछि के हो भन्ने कुरा जेन-जी' भनिएकालाई थाहा हुँदैन अनि, सरकारलगायत समग्र व्यवस्थापन साम्राज्यवादले गर्छ। नेपालमा अहिले भएको यही हो। सुशिला कार्कीको सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले भागबन्डामा अघि सारेका पात्र हुन् भन्ने कुरा उनीहरू सम्बद्ध संस्था तथा व्यवहारबाट थाहा पाउन सकिन्छ।

यस अर्थमा यो विद्रोह थिएन, होइन, यो भारतीय विस्तारवादलाई समेत ओभरटेक गरेर अमेरिकी युथ काउन्सिलका युवाहरूलाई अघि सारेर र फिल्ड स्कायड तयार पारेर गरिएको देशव्यापी विध्वङ्स थियो, आतङ्क थियो। यसलाई विद्रोह भन्नु भनेको वर्ग राजनीति भन्दा 'पुस्ता राजनीति' प्रति विश्वास देखाउनु हो। 'पुस्ता राजनीति' क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका लागि एकदमै घातक कुरा हो। यो विचार र वर्ग विरुद्धको परियोजना हो। अवश्य पनि क्रान्ति र विद्रोहमा युवाहरूको भूमिका रहन्छ। साथसाथै केका लागि र कुन विचारद्वारा निर्देशित र परिचालित भन्ने कुराले अहम् महत्व राख्दछ। मार्क्सवादीहरूले केलाई विद्रोह भन्ने कुरा अहम् महत्त्वको विषय हो-विश्वदृष्टिकोणको प्रश्न हो-भावुकताको उपज होइन

अहिलेको नेपालको स्थिति राष्ट्रिय स्वाधीनता र जनतन्त्रका पक्षधरहरूका लागि साझा चिन्ता र चुनौतीको विषय हो। यहाँ चिन्ता मात्र पुग्दो छैन, मूल कुरा चिन्तन हो। फेरि पनि भन्छु, भदौ २३ र २४ को विध्वङ्स र वितण्डालाई हेर्ने र बुझ्ने कुरा विश्वदृटिकोणको प्रश्न हो। अमेरिकी साम्राज्यवादले पछिल्ला दिनमा यस क्षेत्रमा गरिरहेका क्रियाकलापसित जोडेर यसलाई हेर्नु र बुझ्नु पर्दछ। वस्तुस्थितिको सही विश्लेषण र संश्लेषणले नै यथार्थलाई प्रकाशमा ल्याउँछ। प्रस्ट हुनुपर्ने कुरा के हो भने भदौ २३ र २४ को विध्वङ्स र वितण्डा विद्रोह हुँदै होइन, राष्ट्र द्रोह हो। यस किसिमको बुझाइले नै राष्ट्रिय स्वाधीताका पक्षधरहरू तथा क्रान्तिकारीहरूबिच समान धारणा र समझदारी बनाउन सहयोग पुर्‍याउँछ।

-जनमेलबाट।

# कांग्रेसमा विशेष महाधिवेशनको मिति तोक्न दबाब

**काठमाडौं ।** नेपाली कांग्रेसको संस्थापन पक्षले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचन अगाडि नगर्ने अडान लिएपछि हस्ताक्षरकर्ता प्रतिनिधिहरूले विशेष महाधिवेशनको मिति घोषणा गर्न दबाब सिर्जना गरेका छन् । राष्ट्रिय सभागृहमा बुधबार आयोजित भेलालाई सम्बोधन गर्दै विशेष महाधिवेशन पक्षधरले पार्टीको नीति र नेतृत्व परिवर्तन नगरी निर्वाचनमा जान नसकिने जिकिर गर्दै तत्काल मिति तोक्न माग गरेका हुन् ।

अहिले विशेष महाधिवेशनको माग भइरहेको तथा ५४ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरी यसअघि नै असोज २९ गते केन्द्रीय कार्यालयमा निवेदन दर्ता गराएका अवस्थामा महाधिवेशन निर्वाचन अगाडि कि पछाडि भन्ने विवादले कांग्रेस केन्द्रयि कार्यसमितिको बैठक डेढ महिनादेखि अनिर्णयको बन्दी बनिरहेको छ । संस्थापन पक्ष नियमित महाधिवेशन गर्न तयार नभएपछि इतर पक्षका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा विशेष महाधिवेशनको पक्षमा उभिएका छन् । केन्द्रीय कार्यसमितिबाट निर्णय नआउन्जेल विशेष महाधिवेशन हस्ताक्षरकर्ताहरूले आयोजना गरेको भेला र कार्यक्रममा भने महामन्त्रीद्वय सहभागी भएका छैनन् ।

भेलामा विश्लेषक हरि शर्मा समेत सम्बोधन गरेका थिए । शर्माले २०१४ देखि नै विशेष महाधिवेशन अभ्यास गरेको पार्टीलाई विधानको व्यवस्थाअनुसार माग भएको विषयलाई निषेध गरेर जाने छुट नभएको उल्लेख गरे । 'महाधिवेशन गर्ने समय भइसकेको छ' उनको भनाइ थियो 'निषेधको राजनीति गरेर बस्नु हुँदैन । नयाँ नेतृत्व चयन हुनैपर्छ । त्यसैका लागि त विशेष अधिवेशनको प्रावधान बनाइएको हो ।' उनले आफूहरूलाई अहिलेको जटिल परिस्थिति बुझेर अघि बढ्ने नेतृत्व चाहिएको बताए । गत असोज २८ देखि सुरु भएको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले अझैसम्म पनि महाधिवेशनको विवाद हल गर्न सकेको छैन । कार्यसमितिको पहिलो बैठकमै सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका थिए । उक्त विषयले नेतृत्व हस्तान्तरणको दिशामा एक कदम अगाडि बढेको भन्दै सहानुभूति समेत पाएका देउवाले निर्वाचन आयोगमा दल दर्ता गर्दा आगामी निर्वाचनमा आफैंले टिकट वितरण गर्ने गर हस्ताक्षको नमुना पठाएपछि कांग्रेसभित्रको विवाद थप झाँगिएको हो ।

महाधिवेशन विवाद समाधान गर्न बिहीबार बैठक बोलाइए पनि सहमति जुट्न नसक्दा शुक्रबारका लागि सारिएको छ । सभापति देउवा, कावा सभापति खड्का, महामन्त्रीद्वय थापा र शर्मा तथा केन्द्रीय सदस्य रमेश लेखक बुधबार दिनभर छलफलमा जुटे पनि कुनै सहमति नजुटेपछि बैठक सारिएको बुझिएको छ । निर्वाचन अगाडि महाधिवेशनका विषयमा संस्थापन पक्षभित्र पनि एकमत छैनन् । बुधबार आयोजित भेलामा पनि संस्थापन पक्षका नेताहरू सहभागी भएका थिए । संस्थापन पक्षमा रहेका लोकतान्त्रिक आदिवासी जनजाति महासंघका सभापति ओम घर्ती मगर, नेपाल शिक्षक संघका पूर्वअध्यक्ष केशव निरौला, मधेश प्रदेश कार्यसमितिका उपसभापति चन्द्रशेखर यादव, कास्की कांग्रेसका सभापति किशोरदत्त बरालसहितका नेताहरू भेलामा उपस्थित थिए ।

भेला ललितपुरका पुराना कांग्रेस नेता ओमकारप्रसाद श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।  २०१४ को विशेष महाधिवेशनको साक्षी रहेका ८८ वर्षीय श्रेष्ठ विशेष महाधिवेशनमा हस्ताक्षर कर्ता समेत हुन् भने तलका कार्यकर्ताको आवाज नेतृत्वले नसुन्ने अवस्थामै विशेष महाधिवेशन आवश्यक हुने भएकाले विधानमा राखिएको बताए । तत्कालीन पार्टी सभापति सुवर्णशमशेरले बोलाएको विशेष महाधिवेशनबाट २०१४ मा बीपी कोइराला पार्टी सभापति बनेका थिए । विधानमा ४० प्रतिशत प्रतिनिधिहरूको हस्ताक्षरसहित माग भएमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था रहेकाले ढिलाइ नगर्न भेलामा सहभागीहरूको माग रहेको छ ।

लामो समयदेखि कांग्रेसभित्र महाधिवेशनको मितिलाई लिएर चर्किएको कलहको समाधान निस्कँने कुनै छनक देखिएको छैन । संस्थापन पक्ष कुनै पनि हालतमा चुनावको टिकट वितरणअघि महाधिवेशन नगर्ने पक्षमा छ भने इतर पक्ष चुनाव अघि नै नयाँ नेतृत्व र नयाँ म्यान्डेडसहित चुनावमा जानुपर्ने पक्षमा छन् । नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक फेरि स्थगित भएको छ । बिहीबार दिउँसो २ बजे बस्ने गरी बोलाइएको बैठक शुक्रार दिउँसो २ बजेसम्म स्थगित गरिएको थियो ।

मुख्य सचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ति निकालेर केन्द्रीय समिति बैठक शुक्रबारसम्म स्थगित गरिएको जानकारी गराएका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुसभित्रै नियमित महाधिवेशन नगर्ने हो भने अब विशेष महाधिवेशनको विकल्प नहुने अडान राख्दै आएका छन् । सभापति शेरबहादुर देउवानिकट केही पदाधिकारी र केही पूर्व पदाधिकारीहरूले चुनावपछि बैशाखमा मात्रै महाधिवेशन गर्नुपर्ने अडान राखेका छन् ।

# 'देश, लोकतन्त्र र पार्टीको हित सर्वोपरि हो कि व्यक्तिगत स्वार्थ ?'

**काठमाडौं ।** गत भदौ २३ र २४ को 'जेन-जी' प्रदर्शनपछि अवस्थामा आगामी फागुन २१ का लागि तोकिएको निर्वाचनअघि नै महाधिवेशन गर्ने र नगर्ने भन्ने विवादले देशकै पुरानो दल नेपाली कांग्रेस लामो समयदेखि अन्योल र निर्णयहीनताको संकटमा फसेको छ ।

विशेष महाधिवेशन पक्षधर नेताहरूले चुनाव अगाडि नीति र नयाँ नेतृत्व खोजेको बताएका हुन् । हस्ताक्षर अभियानका तर्फबाट बिहीबार विज्ञप्ति जारी गर्दै उनीहरूले केवल कार्यतालिका मात्रै नभई महाधिवेशन माग गरेको भन्दै लामो अन्योल र निर्णयहीनताले पार्टी गम्भीर संकटको मोडमा पुगेको भन्दै उनीहरूले यो अवस्थाको सम्पूर्ण जिम्मेवारी वर्तमान केन्द्रीय नेतृत्वले लिनुपर्ने बताएका हुन् । 'विधानको पूर्ण पालना गर्नु हामी सबैको पहिलो कर्तव्य हो । हाम्रो हरेक गतिविधि, पहल र समाधान विधानकै दायराभित्र हुन्छ र रहन्छ । नियमित महाधिवेशनको मिति तोक्न समेत आनाकानी गर्ने, विशेष महाधिवेशनको मागलाई सम्बोधन नगरी केन्द्रीय समितिको बैठकलाई अनावश्यक रूपमा लम्बाइरहने प्रवृत्ति कुनै पनि हिसाबले जिम्मेवार नेतृत्वको परिचय होइन' उक्त विज्ञप्तिमा उल्लेख गरिएको छ 'करिव ५५ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले पार्टी विधानअनुसार वैधानिक रूपमा अघि सारेको यो मागलाई नेतृत्वले आजसम्म बेवास्ता गरेकोमा हामी गहिरो दुःख व्यक्त गर्छौं ।'

पार्टी सभापति देउवा र कार्यबाहक सभापति पूर्णबहादुर खड्कासहितको संस्थापन पक्षको टिप पुस मसान्तभित्रै नियमित महाधिवेशनको कार्यतालिका ल्याउन खोजिरहेका छन् । महामन्त्री पक्षधर नेताहरूले संस्थापनपक्ष कार्यतालिका मात्रै ल्याएर महाधिवेशन गराउन नचाहेको भन्दै त्यसलाई मानिरहेका छैनन् । 'कुनै पनि बहाना वा अविश्वसनीय नियमित तालिकामा विशेष महाधिवेशनको माग निष्क्रिय हुन सक्दैन । वर्तमान कार्यसमितिको समयावधि थप नगरी नियमित महाधिवेशन सम्पन्न भई नयाँ नेतृत्व निर्वाचित हुने भएमा मात्र विशेष महाधिवेशनको माग स्वतः निष्क्रिय हुनेछ' विशेष महाधिवेशन पक्षधर समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

'विधान केन्द्रीय कार्यसमितिका लागि पनि समान रूपमा लागू हुन्छ कि हुँदैन ? देश, लोकतन्त्र, पार्टीको हित सर्वोपरि हो कि व्यक्तिगत स्वार्थ र आकांक्षा ? भन्दै नेतृत्वसँग प्रश्न गरेका उनीहरूले पार्टीको विधानले तोकेको समयसीमा पुस २८ भित्र विशेष महाधिवेशन अनिवार्य रूपमा सम्पन्न हुनुपर्नेमा जोड दिएका छन् ।

# एमालेमा सचिवका आकांक्षीहरूको लामै लर्को

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ११औं महाधिवेशनमा सचिव पदका लागि आकांक्षीहरूको लर्को लागेको छ। एमालेको गत भदौ तेस्रो साता सम्पन्न दोस्रो विधान महाधिवेशनले स्थायी कमिटी खारेज गर्ने निर्णयले हाल स्थायी कमिटीमा रहेका (पदाधिकारी बाहेक) २६ जना नेताहरू सबैभन्दा बढी विलखबन्दमा परेका र सचिव पदका आकांक्षी संख्या समेत तीन दर्जन हाराहारी पुगेको हो ।

हाल स्थायी कमिटी सदस्य रहेकाहरू कि घटुवा भएर पोलिटब्युरो सदस्यमा बस्न तयार हुनुपर्ने कि बढुवाका लागि सचिव वा उपसचिवमा प्रतिपर्स्धा गर्नुपर्ने विधानको व्यवस्थाकै आकांक्षीहरूको लर्को लागेको देखिन्छ । अहिले सचिव रहेका कतिपय नेताहरू सचिवमै थन्किनुपर्ने अवस्था रहेको बेला नयाँले समेत पोजिसन खोज्दा आकांक्षीहरूको लर्को लाग्ने अवस्था आएको नेताहरू बताउँछन् । एमालेको दोस्रो विधान महाधिवेशनले एमालेको विधान संशोधन गर्दै केन्द्रीय पदाधिकारी संख्या १९ बाट घटाएर १५ बनाएको थियो भने स्थायी कमिटी हटाएको थियो । त्यसैगरी केन्द्रीय कमिटीको आकार पनि ३५५ बाट घटाएर २५५ बनाएको थियो । स्थायी कमिटीबाहेक सचिव पदका लागि कतिपय केन्द्रीय सदस्यले समेत सचिव बन्ने प्रयासस्वरूप गृहकार्य गरिरहेको बताइएको छ। स्थायी कमिटी, पोलिटब्युरो, केन्द्रीय सदस्य र हाल भइरहेका अधिकांश सचिवहरू समेत सोही पदका आकांक्षी बन्दा सात सचिव पदका लागि तीन दर्जन हाराहारीको संख्यामा आकांक्षीहरू पुगेको नेताहरूको भनाइ छ ।

आफ्नो पद सुरक्षित नहुने भएपछि कतिपय नेताहरूले विधानको व्यवस्था नै परिवर्तन गर्नुपर्ने भनेर नेतृत्वलाई सुझाव समेत दिने गरेको उल्लेख गरिएको छान्‌ । एक जना स्थायी कमिटी सदस्यले विधानमा स्थायी कमिटी हटाइएको जानकारी दिँदै अहिले स्थायी कमिटीमा पदाधिकारीबाहेक २६ जना रहेको जानकारी दिए । 'अब कि पोलिटब्युरोमा चित्त बुझाउनुपर्‍यो कि सचिव पदमा अनिवार्य प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता छ' ती सदस्यले भने । नेताहरूको व्यवस्थापन गर्न पनि स्थायी कमिटी ब्युँताउनुपर्ने दबाब नेतृत्वलाई परेको ती सदस्यको भनाइ थियो । अध्यक्ष ओली निकटका केही नेताहरूले स्थायी कमिटी ब्युताइए मात्र नेताहरूको व्यवस्थापन गर्न सहज हुने सुझाव दिइसकेका जानकारी दिएका एक सदस्यले उक्त सुझावबारे अहिलेसम्म अध्यक्षबाट कुनै प्रतिक्रिया नआएको बताए ।

अहिले स्थायी कमिटीमा रहेका भीम आचार्य, खगराज अधिकारी, किरण गुरुङ, लालबाबु पण्डित, काशीनाथ अधिकारी, रघुजी पन्त, भानुभक्त ढकाल, डा. राजन भट्टराई, कर्ण थापा, हिक्मत कार्की, अग्नि खरेल, विन्दा पाण्डे, राजेन्द्र गौतम, कृष्णगोपाल श्रेष्ठ, शेरबहादुर तामाङ, शेरधन राई, यमलाल कँडेल, गोरखबहादुर बोगटी, सीताकुमारी पौडेल, थममाया थापा, लीलानाथ श्रेष्ठलागत नेताहरूमध्ये एकाधबाहेक धेरैले सचिव पदमा उम्मेदवारी दिने बताएका छन् । यीमध्ये राजेन्द्र गौतम, बिन्दा पाण्डे, सूर्य थापा, महेश बस्नेत, गोकुल बाँस्कोटाले सचिव पदका लागि आकांक्षा व्यक्त गरिसकेका छन् । यस्तै महेश बर्तौला, ज्वालाकुमारी साह, सुनिता बराल लगायत पनि सचिवका आकांक्षी रहेका छन् । पार्टीमा अहिलेसम्मको योगदानका आधारमा आफू सचिवको प्रतिस्पर्धामा रहनुको विकल्प नरहेको नेता राजेन्द्र गौतमले बताएका छन् ।

अर्का नेता शेरधन राईले उपमहासचिवमा उम्मेदवारी दिने तयारीमा रहेका छन् । अहिले एमालेमा लेखराज भट्ट, गोकर्ण विष्ट, योजेश भट्टराई, छविलाल विश्वकर्मा, रघुवीर महासेठ, पद्मा अर्याल र टोपबहादुर रायमाझी उपमहासचिव रहेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणमा जेल परेकाले पद निलम्बनमा परेको अवस्था छ भने विष्ट र भट्टराई उपमहासचिव वा महासचिवमा दावी गर्ने तयारी गरेको बुझिएको छ। तीबाहेकका सचिवहरूले दोहोरिएरै भए पनि पार्टीमा आफ्नो स्थान सुरक्षित गर्न चाहेका जिकिर गर्दै एक पदाधिकारीले यस अवस्थामा नेताहरू आ-आफ्नै ढंगले लागिरहेको बताए । एमालेको ११औं राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदका समेत वर्तमान अध्यक्ष केपी शर्मा ओलीसहित  वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने देखिएको छ । अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष पोखरेल दुवैले अध्यक्ष पदका प्रतिस्पर्धा गर्ने भएपछि पदाधिकारी र केन्द्रीय सदस्यका लागि समेत प्यानलगत प्रतिपर्धा हुने सम्भावना देखिएको छ । मंसिर १३ मा हुने महाधिवेशन प्रतिनिधि छनोट प्रक्रियामा दुवै प्यानलमा नपर्ने नेताहरूले समेत स्वतन्त्र उम्मेदवारी दिने तयारी गरिरहेको पनि बुझिएको छ ।

# सुशासन प्रवर्द्धन र निर्वाचन सरकारको अभिभारा : गृहमन्त्री

**लुम्बिनी ।** गृहमन्त्री ओमप्रकाश अर्यालले सुशासन प्रबर्द्धन गर्दै निर्वाचन सम्पन्न गराउने वर्तमान सरकारको अभिभारा रहेको बताएका छन् । सुशासन प्रबर्द्धन र निर्वाचनको अभिभारा पूरा गर्ने मुख्य जिम्मेवारीलाई मूलमन्त्र मानेर वर्तमान सरकारले काम गरिरहेको दावी गरेका हुन् ।

लुम्बिनी प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई भैरहवामा सम्बोधन गर्दै गृहमन्त्री अर्यालले सरकारले त्रासदीपूर्ण अवस्थालाई पार लगाउँदै सुरक्षाको अवस्थालाई सामान्य बनाउन सफल भएको र अब चुनाव गरेर नेतृत्व हस्तान्तरण गर्ने जिम्मेवारी आफूहरूको काँधमा रहेको बताए । उनले विभिन्न बहाना बनाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भनेर सार्वजनिक खपतका कुरा गर्नेहरूलाई कामले जवाफ दिने दावी गरे । 'विभिन्न बहाना देखाएर चुनाव हुँदैन भन्ने र गर्न सक्दैनन् भन्ने कुराहरू कहीँ-कतै सुनिएका छन्' उनले भने 'सार्वजनिक खपतका लागि बोलिएका यस्ता विषयलाई सरकारले आफ्नो काम र भूमिकाबाट जवाफ दिन्छ र दिइरहेको छ ।' राजनीतिक दलहरूले लुटिएका हतियार र फरार कैदी बन्दीलाई प्रमुख सुरक्षा चुनौतीका रूपमा औंल्याउँदै गृहमन्त्री अर्यालले विशेष अपरेसनमार्फत ती हतियार र ठूलो संख्यामा कैदीबन्दी समेत फिर्ता भइसकेका दावा गरे । आफूहरू सुशासन र भ्रष्टाचार नियन्त्रणको माग राखी 'जेन-जी' युवाबाट गत भदौ २३ र २४ गते गरेको प्रदर्शनपछिको परिस्थितिमा बनेको सरकारको जिम्मेवारीमा भएको गृहमन्त्री अर्यालले बताए । आफूहरू आफ्नो कुनै व्यक्तिगत इच्छाले आएको नभई गृहमन्त्री अर्यालले देशको विशिष्ट अवस्थामा शून्यतालाई पूरा गर्न विशेष परिस्थितिले सुम्पिएको जिम्मेवारी पूरा गर्न आएको बताए ।

बुद्धको जन्मस्थल लुम्बिनीबाट शान्ति र अहिंसाको सन्देश दिन प्रदेशस्तरीय सुरक्षा गोष्ठीको सुरुआत गरिएको गृहमन्त्री अर्यालले बताए । गोष्ठीबाट प्रदेश सरकारले सुदृढ सुरक्षा योजना बनाउने अपेक्षा लिएको उनको भनाइ थियो । लुम्बिनी प्रदेश राजस्व चुहावटको दृष्टिले जोखिममा रहेको उल्लेख गर्दै उनले सुशासनको जगमा बनेको यो सरकारले चुहावट नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको बताए । 'कसैलाई गलत तवर रिजाउनुपर्ने अवस्था छैन, व्यवसायिक ढंगले कार्यसम्पादन गर्दा पुग्छ' उनले भने त्यसैले यस गोष्ठीसँगै राजस्व चुहावट नियन्त्रणमा सरकारी संयन्त्रको संलग्नताका केही कमजोरीहरू बाँकी छन् भने ती अन्त हुनुपर्दछ ।'

नेपाल-भारत सीमाक्षेत्रका भन्सारहरूमा राजस्व चुहावट भइरहेको र नियन्त्रण हुन नसकेको विषयमा सुरक्षा अधिकारीहरूको ध्यानाकर्षण गराएका गृहमन्त्री अर्यालले प्रदेशस्तरीय सुरक्षा गोष्ठीलाई सम्बोधन गर्दै खुला सिमानाबाट राजस्व चुहावटका गतिविधि नरोकिएकाप्रति गम्भीर ध्यानाकर्षण गराएका थिए । कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संविधानको रक्षा र यसको पूर्ण कार्यान्वयन अहिलेको मुख्य प्रश्न रहेको बताए । 'कुनै नेता गलत होलान् तर, सिस्टम बिग्रिएको छैन' उनको भनाइ थियो 'कतिपय नेताहरू बिग्रिएका होलान्, तर सिस्टम बिग्रिएको छैन । प्रणाली बिग्रिएको छैन । यो कुरा आत्मसात गर्नु सबै निकायका लागि जरुरी छ ।'

उनले आन्दोलनका नाममा व्यक्तिगत सम्पत्ति जलाउनेलाई कानुनी दायरामा ल्याउन संघीय सरकार गम्भीर हुनुपर्ने बताए । मुख्यमन्त्री आचार्यले सुशासन कायम गर्ने र भ्रष्टाचार न्यूनीकरण गर्ने अभियानमा नै प्रदेश सरकार रहेकाले स्पष्ट पारे । कार्यक्रममा गृहसचिव रामेश्वर दंगाल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरीका प्रमुख राजु अर्याल र १२ जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी प्रमुखहरू सहभागी गोष्ठीमा लुम्बिनी प्रदेशको सुरक्षा चुनौती संश्लेषण गर्ने, निर्वाचनका लागि आवश्यक रणनीति तयार गर्ने गरी सुरक्षा तयारी गर्नेछ ।

# नेपाल प्रहरीका तीन अधिकृतलाई दर्ज्यानी चिह्न प्रदान

**काठमाडौं ।** नेपाल प्रहरीका एक प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) र दुई प्रहरी नायव महानिरीक्षक (डिआईजी)लाई दर्ज्यानी चिह्न प्रदान गरिएको छ । प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले तीन अधिकृतलाई बिहीबार दर्ज्यानी चिह्न प्रदान गरेका हुन् ।

एआईजी ईश्वर कार्की तथा डिआइजी विश्व अधिकारी र प्राविधिक डिआईजी इञ्जीनीयर रामकुमार चौधरी दर्ज्यानी चिह्नद्वारा सुशोभित भएका छन् । त्यस अवसरमा प्रहरी महानिरीक्षक कार्कीले ज्येष्ठता, कार्यकुशलता, विधि एवं पद्धतिका साथै व्यावसायिक निष्ठाका साथ निर्वाह गरेको जिम्मेवारीको मूल्यांकनको आधारमा पदोन्नति भएको बताए । मुलुक संवेदनशील अवस्थामा रहेकाले यस्तो अवस्थामा प्रहरी जनताको सेवामा समर्पित हुन आवश्यक रहेको भन्दै निःस्वार्थ सेवाभाव, शिष्ट व्यवहार, उत्कृष्ट आचरणलाई आत्मसात् गरी नागरिकको अपेक्षा अनुरूप प्रहरी सेवा प्रवाह गर्न थप क्रियाशील हुनुपर्ने उनले बताए । प्रहरीप्रतिको नागरिक विश्वास अभिवृद्धि गर्न व्यावसायिक कार्यसम्पादनमा जोड दिई सेवा प्रवाहलाई थप चुस्त बनाउन प्रहरी महानिरीक्षक कार्कीले निर्देशन दिए ।

कार्यक्रममा बढुवा भएका प्रहरी अधिकृतलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै एआईजी ईश्वर कार्कीले पदोन्नतिसँगै प्राप्त जिम्मेवारीलाई पूर्ण व्यवसायिक निष्ठा र इमानदारीपूर्वक कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गरे । दर्ज्यानी चिह्न सुशोभन समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतको उपस्थिति रहेको थियो ।

# नेपाली कम्युनिस्ट पार्टीसँग जसपासहित विभिन्न समूहको एकता

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी र जनता समाजवादी पार्टी एकीकरण पक्षधर समूह, जनजागरण पार्टी नेपाल, नेकपा बहुमत विद्रोही समूह र नेकपा (माओवादी) विद्रोही समूहबीचको एकता घोषणा भएको छ ।

राष्ट्रिय सभागृहमा नेकपाका संयोजक पुष्पकमल दाहाल र जनता समाजवादीका संघीय अध्यक्ष राजेन्द्र श्रेष्ठबीच एकतामा सहमति भएको हो ।

जनता समाजवादीको संघीय अध्यक्ष श्रेष्ठलगायत नेता नेकपामा समाहित भएका छन् । यसअघि नै माधव नेपाल नेतृत्वको नेकपा एस र माओवादी केन्द्रबीच भएको एकतापछि विभिन्न कम्युनिस्ट घटकहरू नवगठित नेकपामा समाहित भएका छन् ।

# नेपालमा पहिलो पटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

**काठमाडौं ।** नेपालमा पहिलो पटक बाथरोगको अनुवांशिक 'जेनेटिक' कारण पत्ता लगाउन परीक्षणको सुरु गरिएको छ । 'नेक्स जेन ल्याब सोलुसन'ले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुवात गरेको हो ।

नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले जानकारी दिए । पाण्डेका अनुसार बाथरोथ पहिचानका लागि 'एचएलए-डिआरफोर', 'एचएलए-बी ५१', 'एचएलए-बी २७' तीन प्रकारका परीक्षण भित्र्याइएको हो । उनले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने जानकारी दिए । ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताए । यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न नमूना विदेश (भारत) पठाउनु पर्दथ्यो । बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताए ।

नेपालमा धेरैजसोलाई गठिया र युरिक एसिड जस्ता बाथरोग लाग्ने गरेको विशेषज्ञ डा. कर्माचार्यले जानकारी दिए । बाथरोग लाग्ने बित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताए । बाथरोग फैलिँदै गए बिरामीले जीवनभर औषधि खाएर नियन्त्रण गर्नुपर्ने डा. कर्माचार्यले बताए ।

# प्रिमियर लिगमा नेपालको उत्कृष्ट प्रदर्शन

**काठमाडौं ।** कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा मंसिर १ देखि सुरु भएर बिहीबार सकिएको नेपाल प्रिमियर लिग (एनपीएल)मा नेपाली खेलाडीको उत्कृष्ट प्रदर्शन गरेका छन् ।

जारी एनपीएल अन्तर्गत मंगलबार सम्पन्न खेलमा काठमाडौं गोर्खाजले दोस्रो जित हात पारेको छ । दोस्रो जित हात पार्ने क्रममा काठमाडौंले लुम्बिनी लायन्सलाई २२ रनले पराजित गरेको हो । जितका लागि पाएको १५८ रनको लक्ष्य पछ्याएको लुम्बिनी १९ दशमलव एक ओभरमा १३५ रनमा रोकियो । सो खेलमा शेर मल्लले सर्वाधिक २८, दिलीप नाथले २५ रन जोडे पनि हार टार्न सकेनन् । बलिङमा काठमाडौंका मिलिन्द कुमार र जेराडे एरास्मसले दुई/दुई विकेट भाटे ।

यसअघि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको काठमाडौंले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १५७ बनाएको थियो । यसमा कप्तान करण केसीले अविजित ३४, आकाश त्रिपाठीले ३२, सन्तोष यादवले २६ रनको योगदान गरे । लुम्बिनीका कप्तान रोहित पौडेल, खेलाडीहरू शेर मल्ल, गुल्बादिन नायब, रूबेन ट्रम्पलम्यानले दुई/दुई विकेट लिए । काठमाडौंले चार खेलबाट दुई हार र दुई जितसहित चार अंक जोडेको छ । काठमाडौंको 'प्लेअफ'को सम्भावना जीवित छ । तीन खेल खेलेको लुम्बिनीले एक खेल मात्रै जितेको छ । यो हारले लुम्बिनीको 'प्लेअफ'को सम्भावना कठिन बन्दै गएको छ ।

दुई साताहेखि जारी एनपीएलमा नेपाली खेलाडीले उत्कृष्ट प्रदर्शन गरी आफ्नो टिमलाई जिताएर 'प्लेयर अफ द म्याच' समेत भएका छन् । चारमध्ये पछिल्लो तीन खेलमा लगातार रूपमा नेपाली खेलाडी चम्कँदै 'प्लेयर अफ द म्याच' घोषित भएका हुन् । मंगलबारसम्म खेलमा काठमाडौं गोर्खाजका कप्तान समेत रहेका करण केसीले ११ बलमा अविजित ३४ रन र बलिङमा एक विकेट लिएर आफ्नो टिमलाई जिताए । लुम्बिनी लायन्सलाई २२ रनले पराजित गर्दै उनी खेलका उत्कृष्ट खेलाडी करण चुनिए । एनपीएल खेल अन्तर्गत दोस्रो खेलमा कर्णाली याक्सविरुद्ध अलराउण्ड प्रदर्शन गरेका सुसुरपश्चिम रोयल्सका कप्तान दीपेन्द्र सिंह ऐरी उत्कृष्ट खेलाडी चयन भए । सुदूरपश्चिम ४६ रनले विजयी भएको खेलमा दीपेन्द्रले चार विकेट लिनुका साथै ब्याटिङमा ३९ रनको योगदान गरेका थिए ।

यसअघि पहिलो खेलमा जनकपुर बोल्ट्सलाई ९ रनले हराउँदै विराटनगर किङ्गका कप्तान सन्दीप लामिछानेले चार विकेट लिएर टिमलाई जिताउन महत्वपूर्ण योगदान दिएर 'प्लेयर अफ द म्याच' घोषित भएका थिए । मंसिर २ मा पोखरा एभेन्जर्सविरुद्ध ५३ रनको जित निकालेको विराटनगरका लागि लोकेश बम उत्कृष्ट खेलाडी भए भने एनपीएलको पहिलो खेलमा मंसिर १ गते काठमाडौंले जनकपुरलाई ५ विकेटले हरायो । त्यसमा विदेशी खेलाडी मिलिन्द कुमार 'प्लेयर अफ द म्याच' हुन सफल भए ।

यसैगरी, मंसिर २ मा सम्पन्न पहिलो खेलमा कर्णाली याक्सलाई ४ विकेटले हराएको खेलमा चितवन राइनोजका विदेशी खेलाडी रवी बोपरा उत्कृष्ट भए भने मंसिर ३ मा सम्पन्न पहिलो खेलमा काठमाडौंलाई २९ रनको स्तब्ध पार्दै सुदूरपश्चिमले जितेको खेलमा विदेशी खेलाडी हर्मित सिंह उत्कृष्ट चुनिए । मंसिर ४ मा चितवनविरुद्ध खेलमा पोखराले ६ विकेट जित हात पार्दै विदेशी खेलाडी रुबेन ट्रुपेलम्यानले तीन विकेट लिँदै प्लेयर अफ द म्याच भए भने मंसिर ५ मा सम्पन्न पोखराविरुद्धको खेलमा सुदूरपश्चिम १८ रनले विजयी भएको हो । सो खेलमा विदेशी खेलाडी जोश ब्राउनले ६८ रन बनाउँदै उत्कृष्ट बन्न सफल भए ।

मंसिर ६ मा लुम्बिनीलाई ९ विकेटले हराउँदै कर्णाली याक्सका विदेशी खेलाडी मार्कबाट उत्कृष्ट बन्न सफल भए भने सोही दिन सम्पन्न अर्को खेलमा विराटनगरले काठमाडौंलाई ५ विकेट हराएको हो । त्यसमा मर्चेन्ट डे लाङ्गेले २ विकेट प्लेयर अफ द म्याच भए । लगातार तीन खेलमा जित हासिल गरेर सुदूरपश्चिम ६ अंकका साथ शीर्ष स्थानमा छ । समान तीन खेल खेलेर ६ अंक जोडेको विराटनगर रनरेटका आधारमा दोस्रो स्थानमा र चारमध्ये दुई खेल जितेको काठमाडौं तेस्रो एवं तीनमध्ये एक खेल जितेको कर्णाली चौथो, दुई खेलमा एक जितेको चितवन पाँचौं, तीनमा एक जितेको लम्बिनी छैटौं, दुईमा दुई नै हारेका जनकपुर सातौं र पोखरा पुछारमा रहेको छ । व्यक्तिगत रूपमा सर्वाधिक रनकर्ता कर्णाली याक्सका विदेशी खेलाडी मार्कबाट बनेका छन् ।

यसैगरी, सबैभन्दा बढी बलिङ गर्ने नेपाली खेलाडी विराटनगर किङ्सका कप्तान लामिछानेले सात विकेट लिँदै प्रथम स्थान हासिल गरेका छन् । नेपाल क्रिकेट संघ क्यानको आयोजनामा मंसिर १ देखि जारी प्रतियोगिता मंसिर २७ सम्म सञ्चालन हुने र आठ टोली सहभागी रहेका छन् ।

# महिल सशक्तीकरणमा ध्यान पुगेन : उपसभामुख राना

**काठमाडौं ।** प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले बाल्यकालदेखि नै महिला र पुरुषबीच समानता र सम्मान गर्न सिकाउनु पर्नेमा जोड दिएकी छन् । राष्ट्रिय महिला आयोगद्वारा आयोजित लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुभारम्भ कार्यक्रममा लैङ्गिक हिंसा बढिरहेको भन्दै सानैदेखि महिला पुरुषबीच एक-अर्कालाई सम्मान गर्न सिकाए लैङ्गिक हिंसामा कमी आउने धारणा व्यक्त गरिन् ।

पछिल्लो समय महिला तथा किशोरीमा साइबर आक्रमण अत्यधिक देखिएको बताउँदै उनले यसविरुद्ध सचेतना हुन र हिंसा रोक्न पुरुषको समेत साथ हुनुपर्नेमा जोड दिइन् । '१६ दिने अभियानमा महिलाको गीत मात्र गाउने र हिंसाको कुरा मात्र गर्ने होइन, महिलालाई कसरी सशक्त बनाउने भनेर सोच्नुपर्छ । अभियान मनाउने मात्र होइन, सधैं सबै महिलाहरू एक भएर जाग्नुपर्छ' उपसभामुख रानाको भनाइ थियो 'महिलामैत्री संरचनाको विकास, महिला सशक्तीकरणका कार्यक्रम, नेतृत्व तहमा महिलाको प्रतिनिधित्व बढाउनुपर्ने आवश्यकता छ ।'

कार्यक्रममा नेपाल प्रहरीअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालयका प्रतिनिधि प्रहरी उपरीक्षक(एसपी) वसन्धुरा खड्काले लैङ्गिक हिंसा अन्त्य गर्न साहस, ऐक्यबद्धता र सामूहिक प्रयासको खाँचो औंल्याउँदै लैङ्गिक हिंसा बढ्दो रहेको बताइन् । यसलाई रोक्न प्रहरीसहित सबैको सामूहिक प्रयास जरुरी रहेको धारणा व्यक्त गर्दै उनले सामाजिक सञ्जालमार्फत हिंसा बढी देखिने गरेको बताइन् । 'यस विषयमा नयाँ ढंगले सोच्नुपर्ने भएको छ' भन्दै उनले आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीमा लैङ्गिक हिंसासम्बन्धी १८ हजार ९ सय २६ वटा उजुरी आएका जानकारी दिइन् ।

कार्यक्रममा मनोचिकित्सक डा वासुदेव कार्कीले डिजिटल प्रविधिलाई स्वस्थ्यकर तथा विवेकपूर्ण ढंगले चलाउन सके त्यसबाट हुने हिंसा तथा त्यसले उत्पन्न गराउने मानसिक असरबाट बच्न सकिने सुझाव दिए । अनलाइनमा के 'सेयर' गर्ने र नगर्ने बुझेर मात्र प्रयोग गर्नुपर्ने बताउँदै साइबरविज्ञ अभिजित गुप्ताले प्रविधिको सही प्रयोग गर्न सके हिंसाबाट बच्न सकिने बताए । 'प्रविधिको सही प्रयोग गरौं : लैङ्गिक हिंसा अन्त्य गरौं' भन्ने नाराका साथ सुरु भएको लैङ्गिक हिंसाविरुद्धको अभियान हरेक वर्ष नोभेम्बर २५ देखि १० डिसेम्बरसम्म १६ दिन सञ्चालन हुँदै आएको छ ।

# छोराको कुटपिटबाट बाबुको मृत्यु, रौतहटमा महिलाको हत्या

**काठमाडौं ।** जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायव उपरीक्षक मधु नेपालले हुप्सेकोट गाउँपालिका- १ जुगेपानीका ६० वर्षीय रामबहादुर विकको छोराको कुटपिटबाट मृत्यु भएको छ ।

प्रहरी नायव उपरीक्षक नेपालका अनुसार ३० वर्षीय छोरा सन्तकुमारले बाबुलाई निर्घात कुटपिट गर्दा निजको मृत्यु भएको हो । घरायसी विवादमा छोराको कुटपिटबाट गम्भीर घाइते भएका रामबहादुरको उपचारका क्रममा मध्यविन्दु प्रादेशिक अस्पतालमा मृत्यु भएको र अभियुक्तलाई नियन्त्रणमा लिइएको पनि प्रहरीले जानकारी दिएको छ ।

यस्तै, अर्को घटनामा रौतहटस्थित बृन्दावन नगरपालिका- ९ भुसाहाटोलमा घरपरिवारका सदस्यहरूबाट २२ वर्षीया तरिमा खातुनको हत्या गरिएको छ । परिवारकै सदस्यबाट खातुनको हत्या भएपछि ससुरा शेष अलि महम्मदसहित घरका सबै सदस्य फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिए । मृतक तरिमाको टाउको पछाडि धारिलो हतियार प्रहार गरी गहिरो चोट पुऱ्याइएको छ भने उनको दाहिने खुट्टाको पिडौंलामा नीलडाम भेटिएको प्रहरी नायब उपरीक्षक बस्यालले जानकारी दिए । हत्यापछि तरिमाको शव घरकै भुस राख्ने गोठमा गाडिएको अवस्थामा निकालिएको जानकारी दिँदै नायव उपरीक्षक बस्यालले फरार व्यक्तिहरूको खोजी भइरहेको बताए ।

मृतकका श्रीमान शेष आदिल वैदेशिक रोजगारीको लागि साउदी अरबमा रहेका छन् । साउदी अरबमा रहेका आदिलको श्रीमती तरिमाको सम्बन्ध भतिजा शेष गुडुसँग रहेको भन्दै घरपरिवारकै सदस्यहरूको कुटपिटबाट उनको हत्या भएको वडाध्यक्ष पर्वेज आलमले आशंका गरे । मृतकको डेढ वर्षीय छोरा समेत रहेका छन् ।

# आगजनी, तोडफोड र लुटपाट गर्ने थप ४३ पक्राउ, काठमाडौंमा २६७

**काठमाडौं ।** जिल्ला प्रहरी कार्यालय चितवनले 'जेन-जी' प्रदर्शनका क्रममा जिल्लाका विभिन्न क्षेत्रमा तोडफोड, आगजनी र लुटपाट गर्ने ४३ जनालाई पक्राउ गरी कारबाही गरिएको छ । जिप्रका चितवनले उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिएको हो ।

जिप्रकाका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालका अनुसार पक्राउ परेकाहरूलाई आपराधिक उपद्रव, चोरी, अभद्र व्यवहार र लागुऔषध मुद्धामा कारबाही गरिएको छ । पक्राउ परेकालाई म्याद थप गरेर अनुसन्धान गरी कसुर अनुसारको कारबाही गरिएको उनले बताए । प्रदर्शनका क्रममा सरकारी कार्यालय, निजी घर र व्यावसायिक प्रतिष्ठानहरूमा आगजनी, तोडफोड तथा लुटपाट भएको थियो । प्रदर्शनमा घुसपैठ गर्नेहरूलाई कानुनी दायरामा ल्याउने क्रममा पक्राउ गरिएको उनले जानकारी दिए । घटना क्रममा जिल्लाका ७९ वटा सार्वजनिक संरचना, १६ वटा निजी आवास तथा व्यावसायिक प्रतिष्ठान र तीन वटा पार्टी कार्यालयमा तोडफोड, आगजनी तथा लुटपाट भएको जिल्ला प्रशासन कार्यालय चितवनको तथ्याङ्कमा उल्लेख छ ।

भदौ २३ र २४ मा गराइएको आगजनी र तोडफोडको अभियोगमा २ सय ६७ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार तोडफोड र आगजनी गरेको अभियोगमा अहिलेसम्म १ सय ५४ वटा मुद्दा परेको छ । पक्राउ परेकामध्ये प्रहरीले हाजिर जमानीमा ८७ जनालाई छाडिएको समेत बताएको छ । एक सय १३ जनामाथि अनुसन्धान भइरहेको जनाउँदै ३३ जनालाई धरौटीमा छाडिएको छ भने पुर्पक्षका लागि ४३ जनालाई थुनामा पठाइएको छ ।

यस्तै आगजनी, तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धी एक सय चार वटा जाहेरी दर्ता भएको जानकारी दिँदै परिसरलेले त्यसमा व्यक्तिगत २२, सरकारी कार्यालय आगजनी र तोडफोड गरेको ६६, संस्थागत एवं व्यापारिक प्रतिष्ठानमा सर्वोच्च अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आगजनी र तोडफोड गरेका सम्बन्धमा १६ वटा जाहेरी दर्ता भएको बताएको छ ।

परिसरले ४२ वटा जाहेरी दर्खास्त प्राप्त भएको जानकारी दिँदै त्यसमा तीन जना प्रहरी कर्मचारी रहेका उल्लेख गरेको छ । पहिचान नखुलेको सात जनाको डिएनए परीक्षण प्रक्रिया अघि बढेको छ । हराएका भनिएकाको हुलिया प्राप्त भएको छ । आन्दोलनका क्रममा भवन संरचनाको क्षति सम्बन्धमा दुई सय २८ वटा मुचुल्का सम्पन्न भएको प्रहरीले जनाएको छ ।

त्यस क्रममा विभिन्न कारागारबाट भागेका १ सय २ कैदीबन्दीलाई पक्राउ गरी दाखिला गरिएको र हालसम्म ८३ नाल हतियार बरामद तथा दाखिला गरिएको परिसरले जनाएको छ ।

# सहिद तथा बेपत्ता परिवारलाई न्याय गरेका छौं : प्रचण्ड

**नुवाकोट ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहिद तथा बेपत्ता परिवारका लागि गर्व गर्न लायक योगदान पुऱ्याएको जिकिर गरेका छन् । जिल्लास्थित लिखु गाँउपालिका- ५ मा निर्माण गरिएको सहिद स्मृति केन्द्र भवन र सहिद स्मृति पार्कको उदघाटन गर्दै पूर्वप्रधानमन्त्री दाहालले मुलुक परिवर्तनका लागि सहिदले पुऱ्याएको योगदानको उच्चप्रशंसा र आफूले गर्नसक्ने सम्मान प्रदान गरेको दावी गरेका हुन् ।

जनयुद्धको सफलता, संघीय गणतन्त्र, संविधानसभा मार्फत नयाँ संविधान जारी, राज्य पुनर्संरचनाको निर्माणलगायत सहिद, बेपत्ता र घाइते योद्धाको बलिदानको उपलब्धि भएकाले त्यसलाई संस्थागत गर्न सक्ने जति राहत उपलब्ध गराएको संयोजक प्रचण्डले बताए । 'पहिलो पटक प्रधानमन्त्री हुँदाको पहिलो निर्णय नै जनयुद्धका सहिदलाई राष्ट्रिय सहिद घोषणा गर्ने थियो । तर, कार्यान्वयनमा ल्याउन सकिएको थिएन' उनको भनाइ थियो 'प्रधानमन्त्री कार्यकालको तेस्रो पटकमा जनयुद्धसहित सबै किसिमका आन्दोलनका सहिदलाई राष्ट्रिय सहिद घोषणा गर्दै राजपत्रमा सूचना प्रकाशित गर्दा गर्व लागेको छ । यसलाई ठूलो उपलब्धि मान्नुपर्छ ।'

बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोगलाई आवश्यक पर्ने ऐन तथा कानुन बनाउने विधेयकलाई अन्तिम निर्णयमा पुऱ्याउन सफल भएकाले त्यसलाई परिपूरण कार्यान्वयन गराउन केन्द्रित हुने प्रतिबद्धता उनले व्यक्त गरे । सहिद र बेपत्ता परिवारलाई परिपूरणका लागि परिचयपत्र प्रदान गर्ने, सार्वजनिक सेवा प्रवाहमा छुट सुविधा उपलब्ध गराउने, परिवारका एक जनालाई रोजगारीको प्रबन्ध मिलाउने सहित न्यूनतम १० लाख प्रदान गर्ने विषयलाई कार्यान्वयन गराउन आफूले प्रयास जारी राखेको भन्दै उनले सहिद र बेपत्ता परिवारलाई न्याय दिन जस्तो सुकै मूल्य चुकाउन पनि तयार विश्वास दिलाएका थिए ।

परिपूरणको कार्यान्वयन शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने व्यवस्थाअन्तर्गत महत्वपूर्ण कदम हुने भएकाले त्यसका लागि अन्तर्राष्ट्रिय नियोगको समर्थन र दातृ निकायबाट आर्थिक सहयोग जुटाइ कार्यान्वयन गराइने उनले उल्लेख गरे । पूर्वप्रधानमन्त्री दाहालले जिल्लास्थित लिखु गाउँपालिका- ५ मा निर्माण गरिएको सहिद स्मृति केन्द्र भवन र सहिद स्मृति पार्कको एकसाथ उद्घाटन गरेका हुन् । उनले स्मृति पार्कमा जनयुद्धको समयमा लिखु गाउँपालिकाबाट ज्यान गुमाएका ११ जना सहिद र एक बेपत्ता गरी १२ जनाको शालिक अनावरण गरेका छन् ।

# भदौ २३ र २४ का घटनाको निष्पक्ष छानबिन हुनेछ : गृहमन्त्री

**काठमाडौं ।** गृहमन्त्री ओमप्रकाश अर्यालले गत भदौ २३ र २४ गतेका घटनालाई सरकारले फरक कोणबाट अध्ययन गरिरहेको र त्यसका लागि सुरक्षा निकायले सक्रिय रूपमा काम गरिरहेको दावी गरेका छन् ।

रूपन्देहीमा 'जेन-जी नेपाल समूह'का केही युवाहरूको ज्ञापनपत्र बुझ्दै मन्त्री अर्यालले सुरक्षा निकायले गर्ने निष्पक्ष छानबिनमा सबै पक्षले सघाउनुपर्ने बताएका हुन् । गृहमन्त्री अर्यालले आन्दोलनको निष्पक्ष छानबिन हुने विश्वास दिलाएको उनको सचिवालयले जानकारी दिएको छ। भेटमा 'जेन-जी' प्रतिनिधिहरूले साथीहरू अझै पनि घर बाहिर निस्केर हिँड्न सक्ने अवस्था नरहेको भन्दै त्यसका लागि सहज वातावरण निर्माण गरिदिन गृहमन्त्रीलाई आग्रह गरेका थिए ।

मन्त्री आर्याललाई 'जेन-जी' रूपन्देही नेपालका सुरज पोखरेल, रवि श्रेष्ठ र राजु श्रेष्ठलगायतका समुहले ज्ञापनपत्र बुझाएका थिए ।

# एनपीएलमा सट्टेबाजी गर्ने ८ भारतीय पक्राउ

**काठमाडौं ।** प्रहरीले नेपाल प्रिमियर लिग (एनपीएल) मा सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ८ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । एनपीएलमा भारतस्थित आन्द्र प्रदेश प्रकासम जिल्ला पामुर गाउँ घर भई काठमाडौं महानगरपालिका-२६, सामाखुशी बस्ने ३१ वर्षीय राजा यदुला, ३५ वर्षीय महेश बाबु, ३० वर्षीय पण्डित श्रीनिवासुलु, २० वर्षीय सेख सोयब, ३० वर्षीय नभिन मड्डेला, ३२ वर्षीय महमद रफी सेखलाई प्रहरीले पक्राउ गरेको हो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले सो कार्यमा संलग्न अर्का अभियुक्त १९ वर्षीय साइकुमार तम्मिसेट्टी तथा २८ वर्षीय सेखचन्द बसल रहेका जानकारी दिए। प्रतियोगितामा सहभागी भई अनलाइनमार्फत बेटाकुलर लाइभ नामक बेटिङ साइटबाट खेल हारजित हुनेगरी रकम लगानी गरी सट्टाबाजी गर्ने कार्यमा संलग्न रहेका उनीहरूलाई बल्खुबाट पक्राउ गरिएको उनले जानकारी दिए ।

निजहरूका साथमा फेला परेका १५ थान मोबाइलको प्रविधियुक्त अनुसन्धान गरी मुलुकी अपराधसहिंता २०७४ को दफा १२५ को उपदफा ४ बमोजिम सट्टाबाजी गर्न गराउन नहुने कसुरमा आवश्यक अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

# सर्वोच्च अदालतमा आगजनी गर्ने पाँच पक्राउ

**काठमाडौं ।** प्रहरीले 'जेन-जी' प्रदर्शनका क्रममा सर्वोच्च अदालतमा आगजनी र तोडफोड गर्ने पाँच जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

उक्त घटनामा राजु परियार, कुमार पराजुली, सुशील श्रेष्ठ र ज्योति थापा घतानी रहेको पत्रकार सम्मेलनमा जिल्ला प्रहरी परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए । पक्राउ परेकामध्ये प्रहरीले एक जनाको पहिचान गोप्य राखेको छ । अदालतमा आगजनी गर्ने अन्य केहीको पहिचान भइसकेको जानकारी दिँदै प्रहरी प्रवक्ता भट्टराईले उनीहरूलाई पनि छिट्टै कानुनी दायरामा ल्याइने बताए । अदालतमा आगजनी गर्नेमाथि छानबिन गरी कारबाही गर्न सर्वोच्चले परिसरमा जाहेरी दिएको थियो ।

परिसरमा 'जेन-जी' प्रदर्शनका क्रममा आगजनी, तोडफोड, आपराधिक उपद्रवसँग सम्बन्धित १०४ वटा जाहेरीमध्ये २२ व्यक्तिगत, ६६ वटा सरकारी कार्यालय र १६ वटा संस्थागत/व्यापारिक प्रतिष्ठानको रहेको परिसरले उल्लेख गरेको छ । प्रदर्शनका क्रममा काठमाडौंमा मात्रै ४९ जनाको मृत्यु भएको प्रहरी तथ्यांक छ । तीमध्ये सात जनाको अझैसम्म पहिचान नभएको जानकारी दिँदै त्यस समयमा हराएका सात जनाको हुलिया प्राप्त भएको प्रहरीले जनाएको छ ।

'चुच्चेपाटीको भाटभटेनीमा सात वटा कंकाल फेला परेका हुन्, जसले आशंका गर्नुभएको छ, फेला परेको शव पूर्णरूपले जलेकाले डिएनएनको नमुना पाउन सकिएन' उनले भने 'पहिचानका लागि अन्य ठाउँमा पठाउने कि भनेर लागेको छौं, सो शवको पहिचान नभएसम्म त्यसको यकीन गर्ने आधार देखिएन ।' प्रहरीका अनुसार त्यहीबीच विभिन्न कसुरमा १५४ वटा दर्ता भएको, २६७ जनालाई पक्राउ गरिएको, ८७ जना हाजिर जमानीमा छुटेका, ११३ जना हिरासतमा रहेको, ३३ जना धरौटीमा छुटेका छन् भने ४३ जना पुर्पक्षका लागि थुनामा पुगेका छन् ।

# रिहा भए पूर्वसभामुख महरा

**काठमाडौं ।** भेपमार्फत सुन तस्करी गरेको आरोप लागेका पूर्वसभामुख कृष्णबहादुर महरालाई उच्च अदालत पाटनले २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

न्यायाधीशद्वय अर्जुनप्रसाद कोइराला र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको संयुक्त इजलासले उक्त आदेश दिएको हो । महरालाई गत असोज अन्तिम साता नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले पक्राउ गरेको थियो । पूर्वसभामुख महराविरुद्ध भेपमार्फत सुन तस्करी गरेको आरोप लागेको थियो ।

'तत्काल प्रमाणहरूको आधारमा प्रतिवादीलाई थुनामा नै राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था नदेखिएको अवस्थामा अदालतबाट थुनामा राख्ने गरी भएको असोज २९ गतेको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ' उच्च अदालत पाटनले आज गरेको आदेशमा भनिएको छ ।

# निर्वाचनका लागि सरकारले वातावरण बनाउनुपर्छ : डा. रावल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका नेता डा भिम रावलले अन्तरिम सरकारले आगामी निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् ।

डा रावलले नेकपा सुदूरपश्चिम प्रदेशले आज धनगढीमा आयोजना गर्न लागेको पार्टी एकता सन्देशसभाको तयारीबारे जानकारी गराउन कैलालीको धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा आन्दोलनमा खोसिएका बन्दुक, गोलीलगायत हातहतियार यथा समयमा फिर्ता गराउनुपर्ने बताएका हुन् ।

नेपाली जनता शान्तिपूर्ण रूपमा निर्धक्कसँग पेशा, व्यवसाय, राजनीतिलगायत क्रियाकलाप गर्न नेपालको संविधानले दिएको हक अधिकार बमोजिम उपभोग गर्ने वातावरण बनाउनुपर्ने उनको भनाइ थियो । पार्टी एकतापछि विभिन्न सन्देश जनसमुदायसम्म पुऱ्याउन कार्यक्रम आयोजना गर्न लागिएको डा रावलको भनाइ थियो ।

# राम्रो मूल्यमा अलैंची बिक्री गर्न पाउँदा किसान उत्साहित

**भोजपुर ।** आफूले उत्पादन गरेको अलैंचीले मूल्य पाउन थालेपछि जिल्लाका किसान उत्साहित भएका छन् । यस वर्ष अलैंची प्रतिमन ९८ हजारसम्ममा कारोबार भइरहेको टेम्केमैयुङ-५ चोलन्तीका किसान चक्रबहादुर विष्टले जानकारी दिए । अलैंचीको मूल्य निरन्तर उकालो लाग्दै गर्दा किसानले खेती विस्तारमा लागेपछि आफूहरूलाई उत्साहित बनाएको जानकारी दिँदै विष्टले यस वर्ष आफूले करिब साढे सात मन उत्पादन गरेको जानकारी दिए ।

गाउँका कतिपय किसानले अझै मूल्य बढ्ने आशामा उत्पादन बिक्री नगरी घरमै भण्डारण गरेर राखेका छन् । 'गाउँघरमै अहिले अलैंची ९८ हजारसम्ममा कारोबार भइरहेको छ' विष्टले भने 'कतिपय किसानले बिक्री गरिसके, केहीले भाउ अझै बढ्ला कि भनेर राखेका छन् । बजारमूल्यको प्रतीक्षा गर्दै बसेको अवस्था पनि छ ।' टेम्केमैयुङ-५ चोलन्ती अलैंचीको राम्रो उत्पादन हुने क्षेत्रका रूपमा परिचित छ । जिल्लाका करिब ८०-९० घर किसानले व्यावसायिक रूपमा अलैंली खेती गर्दै आएका छन् । विगतको वर्षका तुलनामा यो क्षेत्रमा अलैंचीको उत्पादनमा समेत वृद्धि भएको अलैंची व्यावसायी महासंघका अध्यक्ष राजेश विष्टले बताए । विष्टले मूल्य बढेसँगै किसान खेती विस्तारमा जुटेको जानकारी दिए ।

कृषि ज्ञान केन्द्रले जिल्लामा अहिले करिब पाँच सय ९७ हेक्टर क्षेत्रमा अलैंचीखेती भइरहेको जानकारी दिएको छ । अहिले जिल्लामा रामशाही, गोलशाही, डम्बरशाही र जिर्मले जातका अलैंचीको खेती हुने गरेको केन्द्रले जनाएको छ । जिल्लाको चोलन्ती, दोभाने, कुदाकाउले, साम्पाङ्ग, अन्नपूर्ण, चम्पे, खावा, छिनामखु, किमालुङ, वासिङथर्पु, तिम्मा, हेलौछा, गुप्तेश्वरलगायत स्थानमा अलैंचीखेती बढी हुने गरेको छ ।

# हुम्ला अत्यधिक चिसो, धारामै जम्न थाल्यो बरफ

**हुम्ला ।** हिमाली जिल्ला हुम्लामा यतिबेला अत्यधिक चिसो बढ्दै जान थालेपछि पानीका धारामा बरफ जम्म थालेको छ । सदरमुकाम सिमकोटसहित उत्तरी भेगका उच्च भूभागमा बिहान-बेलुका चिसो अत्यधिब बढ्न थालेपछि खानेपानीका धारामा बरफ जम्न सुरु भएको हो ।

डाँडाफयाका स्थानीय बाँच सुनारले बेलुकादेखि पानीका धारा खुला राखे पनि अत्यधिक चिसो कारण बरफ जमेको जानकारी दिए । 'घाम नलाग्दासम्म धारामा पानी नआउने समस्या छ । यस्तै जम्मा गरेर राखेका भाँडाका पानी पनि बरफ हुन थालेको हो' उनले भने । जिल्लाका उत्तरी नाम्खा गाउँपालिकाको हिल्सा, लिमी, यारीलगायत क्षेत्रमा अत्यधिक चिसोका कारण बिहानको समयमा बरफ जम्न थालेको स्थानीयले बताए । बोतल, बाल्टिनलगायत अन्य सामग्रीमा जम्मा गरेर राखेको पानी समेत जमेर बरफ हुने गरेको लिमी स्वास्थ्यचौकीमा कार्यरत लोग बोहराले जानकारी दिए । उनले जिल्लामा तापक्रम माइनसमा झरेको बताए ।

अहिले बिहान-बेलुका र रातिको समयमा लिमीको तापक्रम माइनस दश डिग्रीसम्म पुग्ने गरेको छ । तापक्रम माइनसमा झरेपछि नागरिकले हिमपात नहुँदै यस वर्ष बढी चिसो महसुस हुन थालेको स्थानीय कुञ्चोक लामाले बताए । विगतका वर्षभन्दा यस वर्ष यहाँ चिसो अत्यधिक महसुस गरिएको उनको भनाइ छ । चिसोका कारण घाम नलाग्दासम्म वृद्धवृद्धा, बालबालिकालाई घर बाहिर निस्कन समस्या हुने गरेको छ । कात्तिक दोस्रो साताअघि लिमीलगायत उच्च क्षेत्रमा रहेका प्रहरी चौकी जिल्ला सदरमुकामतिर फिर्ता भइसकेका छन् । पुस र माघ दुई महिना हुम्लामा अत्यधिक हिमपात हुनुका साथै तापक्रम माइनस १५ डिग्रीभन्दा बढी हुने गर्दछ ।

# चीनमा रेल दुर्घटना, ११ को मृत्यु

**एजेन्सी ।** दक्षिणपश्चिम चीनको युनान प्रान्तमा बिहीबार बिहान एउटा रेलले निर्माण कामदारहरूलाई ठक्कर दिँदा ११ जनाको दुःखद मृत्यु भएको स्थानीय रेलवे अधिकारीहरूले पुष्टि गरेका छन् ।

दुर्घटना कुनमिङको लुयोयाङ टाउन स्टेसन क्षेत्रमा भएको हो । त्यहाँ 'भूकम्पीय उपकरण परीक्षणका लागि प्रयोग गरिएको' रेल सामान्य रूपमा वक्र मार्ग हुँदै गुज्रिरहेका बेला ट्र्याक क्षेत्रमा प्रवेश गरेका कामदारहरूसँग ठोक्किएको कुनमिङ रेलवे ब्युरोले विज्ञप्तिमा जनाएको छ ।

उक्त दुर्घटनामा ११ जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको अधिकारीहरूले बताएका छन् । दुर्घटनाको यथार्थ कारणबारे अनुसन्धान जारी रहेको र सुरक्षासम्बन्धी प्रक्रियाहरू पूर्णरूपमा मूल्याङ्कन गरिने जनाइएको छ ।

बिहीबार दिउँसोसम्म प्रभावित रेलमार्गमा यातायात सामान्य रूपमा सञ्चालनमा आएको थियो । चीनमा अस्पष्ट कार्य-नियम तथा कमजोर सुरक्षा मापदण्डका कारण यस्ता औद्योगिक दुर्घटनाहरू बारम्बार हुने गरेको उल्लेख गर्दै अधिकारीहरूले आगामी दिनमा कडाइका उपायहरू अपनाइने आश्वासन दिएका छन् ।



गो.हु.का. द.नं.: ४५/०६३/६४

का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## राष्ट्रिय स्वाधीनता...

जनतामा उत्साह बढाउने र निर्वाचनको वातावरण बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको समेत सहसंयोजक नेपालले बताए।

कार्यक्रममा जनता समाजवादी पार्टी एकीकरण पक्षधर समूहका नेता राजेन्द्र श्रेष्ठले सो पार्टीले ल्याएको राजनीतिक कार्यक्रम राम्रो रहेकाले मुलुकको समृद्धिको यात्रामा एकीकृत भएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे। विभिन्न वामपन्थी दल तथा समूह एकीकृत भएर बनेको नेपाली कम्युनिस्ट पार्टीनिकट जनवर्गीय संगठन तथा विभाग छिट्टै व्यवस्थापन गर्ने जानकारी समेत दिइएको छ। नेकपाले सबै दलको समन्वयमा छिट्टै नै पार्टीनिकट भातृ संगठन पुनर्गठन, समायोजन गर्ने भएको छ।

नेकपाका नेता प्रकाश ज्वालाका अनुसार जनवर्गीय संगठन पुनर्गठन तथा समायोजन गर्नका लागि पार्टी संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधवकुमार नेपालबीच छलफल भइरहेको जानकारी दिए। उनले सबै पक्षलाई समेटेर विगतका नेताहरूको कार्य क्षमता मूल्याङ्कन गरी जिम्मेवारी दिइने समझदारी भएको जानकारी दिए। निर्वाचनको तयारी लाग्नुभन्दा अगाडि नै विभागीय इन्चार्जका साथै जनवर्गीय संगठनको नेतृत्व व्यवस्थापन गरिने उनले बताए। नवगठित नेकपाले यही महिनाभित्रै सबै प्रदेश तथा केही जिल्लामा एकतासभा गर्ने कार्यसूची अनुसार जनवर्गीय संगठनको नेतृत्व व्यवस्थापन गर्ने भनेको छ।

## कांग्रेसमा महाधिवेशन...

गर्नुपर्ने अडान दोहोऱ्याउँदै विभिन्न बैठक तथा भेला गर्दै आएका छन्। यसअघि बुधबार प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले सभाको आयोजना समेत गरेका छन्।

उक्त सभालाई सम्बोधन गर्दै नेपाली कांग्रेसका नेता ओमकार श्रेष्ठले पार्टीकै केही पदाधिकारीहरूले महाधिवेशन रोकेको आरोप लगाए। 'अहिलेको अवस्थामा महाधिवेशनको विकल्प छैन' उनको भनाइ थियो।

सभामा सहभागी कांग्रेसका अर्का नेता गुरुराज घिमिरेले बीसौं वर्ष सत्ताको चास्नीमा डुबेकाले पार्टीका योद्धाको हस्ताक्षरलाई नक्कली भन्ने अधिकार नभएको बताए। 'कसको हो नक्कली हस्ताक्षर ? निकाल्न हामी चुनौती दिन्छौं। पार्टीका साथीहरूको योगदानका आधारमा पदमा बसेर साथीहरूको आग्रहलाई लल्कार्न पाइँदैन' नेता घिमिरेले आक्रोश पोखे।

कांग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै गत असोज २९ गते केन्द्रीय कार्यालयमा हस्ताक्षरसहितको निवेदन दर्ता गरिसकेका छन्। बुधबार सम्पन्न उक्त सभालाई सम्बोधन गर्दै वक्ताहरूले विशेष महाधिवेशनमै जोड दिएका थिए।

# एनपीएल : विराटनगरलाई पछाडि पार्दै चितवन विजयी

**काठमाडौं ।** नेपाल प्रिमियर लिग (एनपीएल) मा अपराजित विराटनगर किङ्ग्सको यात्रालाई चितवन राइनोजले ब्रेक लगाइदिएको छ। लगातार तीन खेल जितेको विराटनगर बुधबार भएको चौथो खेलमा चितवनसँग ४८ रनले पराजित भएको हो।

जीतका लागि पाएको १७५ रनको लक्ष्य पछ्याएको विराटनगर १६.५ ओभरमा १२६ रनमा समेटियो। जसमा मर्चेन्ट डे लाङ्ले सर्वाधिक ३९, प्रतिश जिसीले ३० रन जोडे पनि हारलाई रोक्न सकेनन्। चितवनका रञ्जित कुमारले ५, कमलसिंह ऐरीले २ विकेट लिए। यसअघि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, कीर्तिपुरमा टस हारेर पहिला ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा १७४ रन बनायो। जसमा रवी बोपराले अर्धशतक हिर्काउँदै ६५, सैफ अली जैवले ३२ र देव खनालले २८, कप्तान कुशल मल्लले अविजित २० रनको योगदान गरे।

विराटनगरका कप्तान सन्दीप लामिछानेले २, मर्चेन्ट डे लाङ्ले २, शुभम रञ्जनेले १ विकेट लिए। एनपीएलमा चितवन राइनोजका रञ्जित कुमारले एकै खेलमा ५ विकेट लिने कीर्तिमान समेत राखेका छन्। रञ्जित जारी सिजनमा ५ विकेट लिने पहिलो खेलाडी बने। बुधबार सम्पन्न विराटनगर किङ्ग्ससँगको खेलमा उनले ४ ओभर बलिङ गर्दै २१ रन खर्चेर ५ विकेट हात पारे। १९ वर्षीय देब्रे हाते 'स्पीनर बलर' रञ्जितको उत्कृष्ट प्रदर्शनमा अपराजित विराटनगर किङ्ग्सको यात्रामा ब्रेक समेत लाग्यो। उनी 'प्लेयर अफ द म्याच' समेच चुनिए। उनको यो 'डेब्यु' खेल समेत हो। लगातार तीन खेल जितेको विराटनगर चौथो खेलमा चितवनसँग ४८ रनले पराजित हुनपऱ्यो।

यसअघि जारी सिजनमा कुनै पनि बलरले एकै खेलमा ५ विकेट लिन सकेका छैनन्। वीरगञ्जका रञ्जित मधेस प्रदेशबाट क्रिकेट खेल्ने गर्छन्। सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरी र विराटनगरका कप्तान सन्दीप लामिछानेले भने ४/४ विकेट लिइसकेका थिए। चितवन राइनोजलाई जित दिलाएका रञ्जितले विदेशी खेलाडीबाट सिक्ने मौका जुरेको समेत बताए। बुधबार सम्पन्न खेलमा विराटनगर किङ्सलाई ४८ रनले पछाडि पारेपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने 'विदेशी खेलाडीसँग खेल्न पाउँदा हामीले धेरै सिक्ने मौका मिलेको छ। खेल्ने क्रममा केही कमजोरी भए पनि विदेशी खेलाडीले पनि सम्झाउनुहुन्छ। राम्रो सल्लाह दिनुहुन्छ।'

डेब्यु खेलमै ५ विकेट लिएका उनले मैदानमा आउँदादेखि नै राम्रो गर्छु भन्ने आत्मविश्वास बढेको सुनाए। 'बलिङ मात्रै नभएर फिल्डिङमा पनि राम्रो गर्छु भन्ने विश्वास थियो' कुराकानीकै क्रममा उनले भने। लगातार तीन खेल जितेको विराटनगर बुधबार सम्पन्न चौथो खेलमा चितवनसँग पराजित भएपछि विराटनगरका प्रशिक्षक धम्मिका प्रसादले ब्याटिङ नचल्दा पराजित हुनुपरेको बताउँदै आगामी खेलमा पुनरागमन गर्ने विश्वास दिलाएका थिए। नेपाली क्रिकेटको प्रशंसा गर्दै उनले एनपीएल नवयुवा खेलाडीका लागि राम्रो प्लेटफर्म रहेको धारणा व्यक्त गरे।


## अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं !

अपाङ्गता भएका व्यक्तिलाईः

- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरूलाई दया होइन, अधिकार दिऔं,
- नीतिगत निर्णयहरूमा सहभागी गराऔं ।

अपाङ्गता दिवस, २०८२ भव्य रूपमा मनाऔं, समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**


### एमाले सचिवालय बैठकः

## प्रतिवेदनमाथि छलफल

**ललितपुर ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) को ११ औं राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न गठित समतिको प्रतिवेदनमाथि बुधबार छलफल भएको छ। पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार केन्द्रीय कार्यालय च्यासलमा बुधबार बसेको महाधिवेशन सचिवालय बैठकमा समितिले अहिलेसम्म महाधिवेशनको तयारीका सन्दर्भमा प्रतिवेदनमाथि छलफल भएको हो।

सबै समितिले महाधिवेशनको तयारीलाई अन्तिम चरणमा पुऱ्याएको जानकारी दिँदै प्रमुख गौतमले पार्टीले महाधिवेशन सम्पन्न गर्न विभिन्न १४ वटा समिति गठन गरेको बताए। उनका अनुसार भक्तपुरको सल्लाघारीस्थित मैदानमा महाधिवेशन उद्घाटन कार्यक्रम र भृकुटीमण्डपमा बन्दसत्र गर्ने निर्णय गरेको छ। दोस्रो विधान महाधिवेशनले तय गरेको नारा 'निर्णायक राष्ट्रिय शक्ति निर्माणको संकल्पः समृद्ध नेपाल र सुखी नेपाली हाम्रो गन्तव्य'लाई राष्ट्रिय महाधिवेशनको मुख्य नारा बनाइने निर्णय भएको जानकारी दिँदै प्रमुख गौतमले जानकारी दिए। यही मंसिर २७ देखि २९ गतेसम्म एमालेको महाधिवेशन हुँदैछ।

यसअघि आसन्न ११ औं राष्ट्रिय महाधिवेशनको प्रतिनिधि छनोट गर्न पार्टीको संगठन विभागले पाँच बुँदे निर्देशन जारी गरेको छ। पार्टी स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले प्रतिनिधि चयनको निर्वाचन प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिला सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता सूची अनिवार्य रूपमा प्रकाशन गर्नुपर्ने बताए। उनले त्यसका लागि केन्द्रीय कमिटीको पछिल्लो परिपत्रलाई आधार बनाउन निर्देशन दिएको जानकारी दिए।

यसैगरी कायम भएको अन्तिम मतदाता सूचीको संख्या केन्द्रीय संगठन विभागलाई तत्काल जानकारी गराउन पनि विभागले निर्देशन जारी गरेको छ। प्रमुख अधिकारीले मंसिर १२ गते साँझसम्म सर्वसहमतिका लागि अन्तिम प्रयास गर्ने र सो नभएमा मंसिर १३ गते निर्वाचन प्रक्रियामा गएर प्रतिनिधि छनोट गर्न निर्देशन जारी गरिएको जानकारी दिए।

विभागको यो निर्देशनले कुनै पनि बहानामा मंसिर १३ गते गर्नुपर्ने प्रतिनिधि छनोटलाई नसार्न निर्देशन गरेको छ। मंसिर २७ देखि २९ गतेसम्म काठमाडौंमा हुने पार्टीको ११ औं महाधिवेशनको मंसिर १३ गते देशैभरी र प्रवासमा पनि एकै दिन महाधिवेशन प्रतिनिधि छनोट हुँदैछन्। महाधिवेशनमा करिव दुई हजार दुई सय प्रतिनिधि सहभागी हुने प्रमुख अधिकारीले जानकारी दिए।

# प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्चमा रिट

**काठमाडौं ।** प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले सर्वोच्च अदालतमा रिट दर्ता गराएको छ। विघटित प्रतिनिधिसभाको एमालेका तर्फबाट संसदीय दलका मुख्य सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले संयुक्त रूपमा मंगलबार सर्वोच्च अदालतमा उक्त रिट निवेदन दर्ता गराएको हो।

उक्त रिट निवेदनमा प्रधानमन्त्री सुशीला कार्कीको नियुक्ति, प्रतिनिधिसभा विघटन तथा त्यसपछि भएका सबै निर्णय र नियुक्ति बदर गर्न माग गरिएको छ। मुख्य सचेतक बर्तौलाले रिटमा प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति, कुनै दलको समर्थन नपाएको तथा संविधानका धारा, ७६ र १३२ (२) विपरीत प्रधानमन्त्री नियुक्ति भएको भन्दै कार्कीको नियुक्ति प्रथम दृष्टिमा नै असंवैधानिक ठहर गर्न आग्रह गरिएको जानकारी दिए।

सो निवेदनमा राष्ट्रपतिद्वारा गरिएको नियुक्ति निर्णय, शपथ तथा पछिल्ला सबै सरकारी काम कारबाही र निर्णय उत्प्रेषणको आदेशले खारेज गर्न माग गरिएको छ।

# पूर्वराष्ट्रपति भण्डारी फर्कने वातावरण निर्माणमा जोड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को आगामी ११ औं महाधिवेशनका लागि अध्यक्ष पदका लागि उम्मेदवारी घोषणा गरेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीमा फर्कने बताएका छन्।

वरिष्ठ उपाध्यक्ष पोखरेलले मंगलबार एक वक्तव्य जारी गर्दै सो कुरा बताएका हुन्। 'चार दशकभन्दा लामो अवधि पार्टी निर्माणमा योगदान गर्नुभएको पार्टीका पूर्व उपाध्यक्ष विद्यादेवी भण्डारीले राष्ट्रपति जस्तो गरिमामय राजकीय जिम्मेवारी सफलतापूर्वक सम्हालिसकेपछि आफ्नो अनुभव र ऊर्जा पार्टी काममा फर्किएर खर्चिने चाहना राख्नु खुशी र गौरवको विषय हो' पोखरेलको विज्ञप्तिमा उल्लेख गरिएको छ 'पार्टीभित्रको आस्था र विचार, सिद्धान्त एवं नीतिहरूप्रति प्रतिबद्ध हुँदाहुँदै उहाँलाई पार्टी सदस्य हुनबाट वञ्चित गरिँदा पार्टीलाई वैचारिक रूपले थप सशक्त, साङ्गठनिक ढंगले अझ एकताबद्ध र सुदृढ बनाउने कुरामा असर पर्छ। तसर्थ उहाँलाई पार्टी काममा फर्कने वातावरण निर्माण गरिनुपर्छ, गरिनेछ।'

वरिष्ठ उपाध्यक्ष पोखरेलको सो वक्तव्यमा पार्टीप्रतिको आस्था र विचार, सिद्धान्त एवं नीतिहरूप्रति हुँदाहुँदै पूर्व राष्ट्रपति भण्डारीलाई पार्टी सदस्य हुनबाट वञ्चित गरिँदा पार्टीलाई वैचारिक रूपले थप सशक्त, साङ्गठनिक ढंगले अझ एकताबद्ध र सुदृढ बनाउने कुरामा असर पर्ने समेत उल्लेख गरेका छन्। 'तसर्थ उहाँलाई पार्टी काममा फर्कने वातावरण निर्माण गरिनुपर्छ, गरिनेछ' पोखरेलको वक्तव्यमा भनिएको छ। उनले वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीले पार्टीको लोकतान्त्रिककरणका सम्बन्धमा पार्टीको सातौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्नु भएको, आठौं र दसौं राष्ट्रिय महाधिवेशनले स्वीकार गरेको अवधारणालाई नयाँ सन्दर्भमा थप परिमार्जन गरी लागू गरिनु पर्ने बताए।

'जसअन्तर्गत पार्टीको मुख्य नेतृत्वमा दुई कार्यकालको प्रावधानलाई पार्टी विधानमा पुनर्स्थापित गरिनु पर्दछ। नेतृत्व विकास र हस्तान्तरणको सहज प्रक्रियालाई कार्यान्वयन गरिनु पर्दछ' वरिष्ठ उपाध्यक्ष पोखरेलको वक्तव्यमा भनिएको छ। नेता-कार्यकर्ता, सदस्य र नागरिकबीचको सम्बन्धलाई आस र त्रासको छायाँबाट मुक्त गरी आपसी विश्वास र आत्मीय सम्बन्धमा रूपान्तरण गर्नुपर्नेमा जोड दिँदै उनले पार्टी कार्यक्रम तथा नेताहरूमा देखिने तडक भडकपूर्ण जीवनशैलीलाई अन्त्य गरी सादा र जनपक्षीय जीवनशैलीमा जोड दिनुपर्ने बताए। 'हरेक तहको पार्टी कमिटीलाई सम्बन्धित तहको पार्टी काम, सामाजिक तथा जनकार्यमा पूर्ण जवाफदेही बनाइनु पर्छ। सारमा नेकपा (एमाले)लाई आम जनसमुदाय र पार्टी सदस्यहरूले गौरव गर्न लायक राजनीतिक संस्थाको रूपमा विकास गरिनु पर्दछ' वरिष्ठ उपाध्यक्ष पोखरेलको वक्तव्यमा उल्लेख गरिएको छ 'पार्टी र जनसंगठनका हरेक तहमा नवयुवा, युवा र पाका पुस्ताको सम्मानजनक सहभागिता गराउनु पर्दछ।'

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं